वर्ष : १७, अंक : ३६, काठमाडौं, २०७८ पुस ९ गते शुक्रबार, 24 December 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

# कांग्रेसलाई मधेश चाहियो कि मधेशलाई कांग्रेस ?

## कांग्रेसका मधेशी नेताहरू पनि 'पहाडी कांग्रेस'मा परिणत

**मधेशवाणी डेस्क**

काठमाडौं । नेपाली कांग्रेसको १४औं महाधिवेशनबाट नयाँ कार्यकालका लागि नेतृत्व चयन भएको छ । सभापतिमा शेरबहादुर देउवाकै नेतृत्वको निरन्तरता भए पनि पदाधिकारीमा उपसभापति निर्वाचित भएर पूर्णबहादुर खड्काको मात्र निरन्तरता भएको छ । बाँकी पदाधिकारी नयाँ अनुहार छन् । मधेशीमा कोटाबाहेक कोही पनि निर्वाचित छैनन् । सहमहामन्त्रीमा मधेशी कोटाबाट महेन्द्र यादव, मुस्लिम कलस्टरबाट फरमुल्लाह मंसुर, थारू कलस्टबाट उमाकान्त चौधरी निर्वाचित भएका छन् । समग्रमा १४औं महाधिवेशनमा खुला प्रतिस्पर्धाबाट एक जना पनि मधेशी निर्वाचित भएका छैनन जबकी १३औं महाधिवेशनमा पार्टीको उपसभापतिमा विमलेन्द्र निधि निर्वाचित भएका थिए ।

यस पटकको महाधिवेशनमा कांग्रेसको नेतृत्वमा मधेशको प्रतिनिधित्व हराएको छ । यो महाधिवेशनपछि कांग्रेसको नेतृत्वमा मधेशका अनुहारहरू आरक्षणको बलमा मात्र देखिएका छन् । अर्थात् मधेशको अनुहार कांग्रेस नेतृत्वको अग्र मोर्चाबाट विलुप्त नै भएको छ ।

विमलेन्द्र निधि सभापतिमा पराजित भए । यसअघि परशुनारायण चौधरी र महेन्द्र नारायण निधि महामन्त्री तथा डा. रामवरण यादव सहमहामन्त्री भएका थिए । महन्थ ठाकुर, चित्रलेखा यादव र सीतादेवी यादव कोषाध्यक्ष थिए । अघिल्लो कार्यकालमा निधि र विजयकुमार गच्छदार उपसभापति तथा सीतादेवी यादव कोषाध्यक्ष थिए । तर आगामी कार्यकालमा सभापति त परको कुरा उपसभापति र महामन्त्रीमा कुनै पनि मधेशी नेता निर्वाचित हुन सकेनन् । महामन्त्रीमा त मधेशी समुदायबाट उम्मेदवार नै थिएनन् । उपसभापतिको उम्मेदवार बनेका गच्छदार २ मतले धनराज गुरूङसँग पराजित भए ।



महिला, दलित, आदिवासी जनजाति, थारू, खस आर्य, पिछडिएको क्षेत्रसँगै मधेशीबाट पनि ल्याउनै पर्ने बाध्यात्मक व्यवस्थाले केही अनुहार त कांग्रेसको नेतृत्वमा देखिनेछन् । तर, मधेशका स्थापित थारू नेता उमाकान्त चौधरी समेत कोटाबाट नेतृत्वमा पुग्ने स्थिति पैदा भएको छ । कांग्रेसको निर्णायक तहमा यसपटक मधेशको मर्म चिन्ने मान्छेका खडेरी लागेको छ । १४औं महाधिवेशनमा सभापतिको सशक्त उम्मेदवार दाबी गर्दै आएका विमलेन्द्र निधिले जम्मा २५० मत पाए । यहाँ यो पनि प्रश्न उठ्छ कि निधिको ल्याकत २५० मत पाउने मात्र हो ? निधिलाई क्षमता नभएर हारेका हुन कि उनलाई जानाजान हराइएको हो ?

विद्यार्थी कालदेखि नै राजनीतिमा सक्रिय निधि पछिल्लोपटक कांग्रेस उपसभापति थिए । उनी उपप्रधानमन्त्री पनि भएका हुन । मधेशमा उनलाई कांग्रेस पार्टीको खम्बाको रूपमा चिनिन्छ । तर पहिलोपटक मधेशी समुदायबाट कांग्रेसको सभापतिमा उम्मेदवारी दिएका निधिले जित्न त परको कुरा, आफ्नै प्रदेशका प्रतिनिधिको मत र मन पनि तान्न सकेनन् । प्रदेश २ मा ८ सय ६ मतदाता रहेकोमा उनले मुश्किलले त्यसको एक तिहाइ मत ल्याए ।

देउवा समूहबाट उठेको कारण सभापतिमा निधिको भन्दा धेरै मत ल्याएका उपसभापतिका उम्मेदवार गच्छदार पनि पार्टीको अघिल्लो मोर्चाबाट किनारा लागेका छन् । निधिले सभापति जित्छन् भन्ने आश नभए पनि गच्छदार उपसभापतिमा चयन हुन्छन् भन्ने धेरैको अनुमान थियो । तर गच्छदारको हारसँगै कांग्रेसको उपसभापतिजस्तो निर्णायक तहको पदमा पुग्नबाट मधेशी नेता छुटेका छन् ।

२०४६ सालको परिवर्तनअघि महेन्द्रनारायण निधि र परशुनारायण चौधरी महामन्त्री थिए भने त्यसपछि महन्थ ठाकुर कोषाध्यक्ष, रामवरण र विमलेन्द्र निधि केही समयका लागि महामन्त्री भएका थिए । पछि चित्रलेखा यादव र सीतादेवी यादव कोषाध्यक्ष भए । कोषाध्यक्ष चयन गर्ने पार्टीको केन्द्रीय समितिले हो, तर त्यसमा दाबी गर्नेहरू धेरै छन् ।

केन्द्रीय सदस्यहरूमध्येबाट मनोनयन हुने कोषाध्यक्षमा यसपटक मधेशी नेता पर्छन् कि पर्दैनन् भन्ने निश्चित छैन । कोषाध्यक्षमा मधेशी नेता नै दोहोरिए पनि उपसभापति र महामन्त्रीजस्तो भूमिका कोषाध्यक्षको पनि हुँदैन ।

### कांग्रेसभित्र मधेशीको अवस्था

| क.सं. | पद | संख्या | मधेशी | गैरमधेशी |
|---|---|---|---|---|
| १. | सभापति | १ | ० | १ |
| २. | उपसभापति | २ | ० | २ |
| ३. | महामन्त्री | २ | ० | २ |
| ४. | सहमहामन्त्री | ८ | ३ | ५ |
| ५. | केन्द्रीय सदस्य खुल्ला | ३५ | २ | ३३ |
| | जम्मा | ४८ | ५ | ४३ |

**मधेशसँग अन्याय**

कांग्रेसका संस्थापक नेता वीपी कोइरालाको कार्यकालमा पार्टीको नेतृत्व पंक्तिमा मधेश र थारूको प्रतिनिधित्व थियो तर १४ औं महाधिवेशनसम्म आइपुग्दा त्यो प्रतिनिधित्व शून्यमा झरेको छ ।

पछिल्लो एक दशकमा समानुपातिक समावेशी प्रतिनिधित्वको सवाल चर्को गरि उठिरहेका बेला मुलुककै जेठो राजनीतिक दल कांग्रेसभित्र पनि त्यो स्वर नउठेको होइन । तर, पार्टीको आन्तरिक जीवन जति समावेशी हुनुपर्ने हो, त्यति हुन नसकेको दृष्टान्त यो महाधिवेशनले दिएको छ ।

अझै कांग्रेस र मधेशको सम्बन्धलाई सधैं फरक र उच्च दृष्टिकोणले व्याख्या गर्ने गरिएपनि पार्टीको नेतृत्व पंक्तिमा मधेशको उपस्थिति सधैं न्यून नै रहँदै आएको छ । राणा शासन, निरंकुश राजतन्त्रको अन्त्य हुँदै गणतन्त्र स्थापनासम्मको संघर्षको अगुवाई गरेको कांग्रेसमार्फत् मधेशी जनताले पनि राष्ट्रका लागि योगदान गरेको यसको मूल नेतृत्वले बुझ्नु हुँदैन । कांग्रेस र मधेशको सम्बन्ध पुरानो छ तर, लगानी अनुसारको प्रतिफल मधेशले कांग्रेसबाट पाउन सकेको छैन ।



**विमलेन्द्र निधि देउवाका प्रायोजित उम्मेद्वार थिए : देवेश झा**
**अन्तर्वार्ता पृष्ठ ३ मा**

वि.स. २००३ मा कलकत्तामा पहिलो अधिवेशन गरी स्थापना भएको कांग्रेसमा सुरूवाती कालदेखिनै

*बाँकी अन्तिम पृष्ठमा*

## नागरिकता नभएकालाई पनि मतदानमा सहभागी गराउनुपर्छ : यादव



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नागरिकता नभएकै कारण कुनै पनि नेपाली नागरिकलाई मतदानबाट वञ्चित गराउन नहुने बताएका छन् । उनले नागरिकता नभएकालाई पनि मतदानमा सहभागी गर्न माग गरेका हुन् । अध्यक्ष यादवले हाल निर्वाचन आयोगले गरिरहेको मतदाता नामावली संकलन क्रममा नागरिकता नपाएकाहरूलाई नसेमेटको भन्दै असन्तुष्टि जनाएका हुन् ।

उमेर पुगेका तर नागिरकता नपाएका व्यक्तिलाई मतदाता नामावलीमा समावेश गरी निर्वाचन प्रक्रियामा भाग लिन पाउने अधिकार दिन उनको माग छ ।

आइतबार सामाजिक सञ्जाल फेसबुकमार्फत स्टाटस लेख्दै उनले भनेका छन्, 'नागरिकता प्रमाणपत्र नभएको अथवा राज्यले दिन नसकेको कारणले मात्र कुनै पनि व्यक्ति गैरनागरिक हुन सक्दैन ।

लाखौं जन्मसिद्ध नागरिकहरूका सन्तानलाई अझैसम्म राज्यले नागरिकता प्रमाणपत्र दिन सकेको छैन । त्यसैगरी लाखौं मधेसीहरूलाई नागरिकता प्रमाणपत्र राज्यले प्रदान गरेको छैन ।'

निर्वाचन प्रक्रियामा भाग लिन पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार भएको उल्लेख गर्दै अध्यक्ष यादवले नागरिकता प्रमाणपत्र बनाउनु र नागरिक हुनु फरक विषय भएको दाबी गरेका छन् ।

'निरंकुश पञ्चायतकाल र राजाको शासनकालमा पनि यस्तो व्यवस्था थिएन', यादवले प्रश्न गरेका छन्, 'नागरिकताको प्रमाणपत्र दिनुपर्ने दायित्व राज्यको हो, राज्यले आफ्नो जिम्मेवारी पूरा नगरेको तर त्यसको सजाय जनताले भोग्नुपर्ने, यो कस्तो न्याय हो ?' सबै नेपाली नागरिकको नाम मतदाता नामावलीमा सामेल गरिनुपर्ने उनको माग छ ।

## लोसपामा ठाकुर र महतोबीच भागबण्डाको लडाइँ

काठमाडौं । जसपाबाट टुक्रिएर लोकतान्त्रिक समाजवादी पार्टी बनेको चार महिना पनि भएको छैन तर पार्टीका शीर्ष दुई नेताबीच प्रतिष्ठाको लडाइँ सुरू भएको छ । प्रदेश अध्यक्ष तथा जिल्ला अध्यक्ष नियुक्तिको विषयलाई लिएर अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतो समूहबीच विवाद चर्किएको हो ।

जनता समाजवादी पार्टी नेपाल (जसपा)बाट विभाजन भई गठन भएको लोसपामा विभिन्न पदको नियुक्तिलाई लिएर विवाद अहिले ठाकुर र महतोबीच चर्किएको हो । पार्टीभित्रको आन्तरिक विवादका कारण पार्टी बैठकसमेत बस्न सकिरहेको छैन ।



अध्यक्ष ठाकुरले पार्टीको प्रदेश २ को अध्यक्षमा जितेन्द्र सोनललाई नियुक्त गरेका छन् । प्रदेश २ का पूर्वमन्त्रीसमेत रहेका सोनल प्रदेश सांसद तथा लोसपा कार्यकारिणी समितिका सदस्यसमेत हुन् । उनी तत्कालीन तमलोपा ठाकुर समूहका नेता हुन् ।

यस्तै, अध्यक्ष ठाकुरले विभिन्न जिल्लामा अध्यक्ष नियुक्त गरेका छन् । ठाकुरले बारामा नवलकिशोर सिंह, पर्सामा पुरूषोत्तम झा, रौतहटमा लिला साह, सर्लाहीमा रामप्रसाद यादव, महोत्तरीमा रामबाबु साहलाई अध्यक्ष नियुक्त गरेका छन् ।

यसैगरी, धनुषामा प्रमेश्वर साह, सिरामा रामदयाल यादव, सप्तरीमा सुनिलकुमार झा, कपिलवस्तुमा कैलाश अग्रहरी र मोरङमा काविर अलिलाई जिल्ला अध्यक्ष ठाकुरले नियुक्त गरेका छन् ।

बाराका सिंह, पर्साका झा, धनुषाका साह, सर्लाहीका यादव र मोरंगका अलि ठाकुर समूहका नेता हुन् । यी अध्यक्षहरू ठाकुर अध्यक्ष रहेको तत्कालीन तमलोपा समूहकै नेता हुन् यस्तै, महोत्तरीका साह, सिराहाका यादव लोसपाका वरिष्ठ नेता शरतसिंह भण्डारी समूहका अध्यक्ष हुन् यी अध्यक्षहरू भण्डारी अध्यक्ष रहेको तत्कालीन रामसपा समूहका हुन् ।

रौतहटका अध्यक्ष साह लोसपा नेता अनिल झा निकटका हुन् । सप्तरीका अध्यक्ष झा, कपिलवस्तुका अध्यक्ष अग्रहरी वरिष्ठ नेता राजेन्द्र

*बाँकी अन्तिम पृष्ठमा*

## विचारभन्दा माथि देश कसरी ? : डा.राउत



काठमाडौं । विचारभन्दा माथि देश हुन्छ भन्ने विवेकशील साझा पार्टीका अध्यक्ष रवीन्द्र मिश्रको भनाइलाई जनमत पार्टीका अध्यक्ष सिके राउतले प्रतिवाद गरेका छन् । मिश्रले आफ्नो पार्टीमा विचारभन्दा माथि देशको मार्गचित्र लागू गराएको भन्दै सोहिअनुसार गर्न/गराउन आग्रह गरेपछि राउतले त्यसको प्रतिवाद गरेका हुन् । राउतले ट्वीटरमार्फत् विचारभन्दा माथि देश कसरी हुन्छ भन्ने प्रश्न गरेका हुन् । 'विचारभन्दा माथि देश रे ! देश आफैंमा विचारबाट जन्मेको हो', राउतले ट्वीटरमा भनेका छन्, 'पहिला विचार आएको हो, अनि मात्रै देश । अनि विचारभन्दा माथि देश कसरी हुन्छ ?' राउतले भनेका छन्, 'देश के पृथ्वी उत्पत्ति हुँदाखेरि बनेर आएको थियो र ? कति त यहाँ टिनेएजर्सभन्दा पनि कान्छा छन् ।'

## नेपाल र भारतका मन्त्रीले सुरू गरे किताब जात्राको अन्तर्राष्ट्रिय संस्करण

काठमाडौं । पठन संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यले थालिएको किताब जात्राको विश्व यात्रा भारतको राजधानीदेखि सुरू भएको छ । दिल्लीको इन्डिया ह्याबिटेट सेन्टरस्थित लोधीरोडमा बिहीबार जात्राको अन्तर्राष्ट्रिय संस्करण उद्‌घाटन भएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले र भारतका संस्कृति तथा पर्यटनमन्त्री जी. किशन रेड्डीले संयुक्त रूपमा किताब जात्राको पहिलो अन्तर्राष्ट्रिय संस्करण उद्‌घाटन गरे ।

कार्यक्रम शुभारम्भ गर्दै मन्त्री आलेले किताब जात्राको अन्तर्राष्ट्रिय संस्करण भारतबाटै सुरू हुनु संयोगमात्रै नभएर नेपाल-भारत सम्बन्धको ऐतिहासिक निरन्तरताको कडी भएको बताए । 'नेपाल-भारत सम्बन्ध राजनीतिक-कुटनीतिकमात्रै नभएर जन-जनको सम्बन्ध हो । त्यसैले हाम्रो संस्कृति, कला र साहित्यबीच गहिरो सम्बन्ध छ' उनले भने, 'नेपालको आर्थिक विकासमा प्रभाव पार्ने पर्यटनका साथै धार्मिक सम्बन्ध पनि उतिकै बलियो छ ।'

*बाँकी अन्तिम पृष्ठमा*

## प्रदेश २ को नामाकरण : दुई तिहाइको अभावमा प्रस्ताव फेरि असफल हुने सम्भावना

जनकपुरधाम । प्रदेश २ को नामाकरणसम्बन्धि प्रक्रिया फेरि सुरू भएको छ । प्रदेशसभा बैठकमा बिहीबार नामकरणका लागि चारवटा प्रस्ताव पेस भएका छन् ।

बैठकमा 'मधेस प्रदेश', 'जानकी', 'मध्यमधेस' र 'मिथिला भोजपुरा' गरी चारवटा नामका लागि प्रस्ताव पेस भएका हुन् ।

सत्तारूढ जसपा र नेकपा माओवादी केन्द्रले अलगअलग रूपमा 'मधेस प्रदेश' नाम प्रस्ताव गरेका छन् । ती प्रस्तावमा प्रतिपक्षी दल लोसपाले भनेसमर्थन गरेको छ ।

जसपाका तर्फबाट प्रमुख सचेतक शैलेन्द्र यादवले नामकरण प्रस्ताव पेस गरे । प्रस्तावमा लोसपाका तर्फबाट प्रदेश सांसद रानी शर्मा तिवारीले समर्थन गरेकी हुन् ।

यस्तै माओवादी केन्द्रका तर्फबाट भरतप्रसाद साहले नामकरणसम्बन्धी प्रस्ताव पेस गरेका हुन् । त्यस्तै अर्का सत्तारूढ दल नेकपा (एकीकृत समाजवादी) पार्टीका तर्फबाट प्रदेशको नाम 'जानकी प्रदेश' प्रस्ताव पेस गरिएको छ । पार्टीका तर्फबाट कानुन तथा प्रदेश मामिलामन्त्रीले सो प्रस्ताव पेस गरे ।

कांग्रेसले 'मिथिला भोजपुरा' नामको प्रस्ताव पेस गरेको छ । कांग्रेसका सांसद शिवचन्द्र चौधरीले प्रस्ताव पेस गरेका हुन् । कांग्रेसकै प्रदेशसभा सदस्य राजेश्वरप्रसाद साहले 'मध्य मधेस' प्रदेश प्रस्ताव पेस गरेका छन् ।

एमालेका ७ जना प्रदेश सांसदमध्ये एकजना पनि उपस्थित नभएकाले सो दलबाट नामको प्रस्ताव पेस भएको छैन ।

कूल १०७ सदस्यीय प्रदेश सभामा हाल १०४ जना सांसद छन् । जसमा जसपा ३९ सिटसहित ठूलो दलको रूपमा छ भने नेपाली कांग्रेसका १९, लोसपाका १६, नेकपा एकीकृत समाजवादीका १३, एमालेका ८, माओवादीका ८ र नेपाल संघीय समाजवादी पार्टीका १ सांसद छन् ।

संविधानको धारा २९५ को उपधारा २ बमोजिम प्रदेशको नामकरण सम्बन्धित प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट हुने उल्लेख छ ।

१०७ सदस्सीय प्रदेश सभामा दुई तिहाइ संख्या पुऱ्याउनका लागि ७२ जना सांसद आवश्यक देखिन्छ । हाल सत्तारूढ गठबन्धनभित्रै फरक-फरक प्रस्ताव आएकाले कुनै पनि प्रस्तावको पक्षमा दुई तिहाइ पुऱ्याउनका लागि कठिनाइ देखिएको छ ।

हाल मधेस प्रदेशको पक्षमा उभिएका जसपा, लोसपा र माओवादी केन्द्रको कूल सांसद संख्या ६३ छ । बहुमत जुटाउनका लागि यी दलहरूलाई थप ९ सांसदको समर्थन चाहिन्छ । यसका लागि सत्ता गठबन्धनमा भएको कांग्रेस वा नेकपा एकीकृत दुईमध्ये एकले समर्थन गर्नुपर्ने देखिन्छ । तर, यी दुवै दलले आफ्ना छुट्टै प्रस्ताव पेस गरेका छन् । कांग्रेस र नेकपा एकीकृतले आफ्नो प्रस्तावको पक्षमा समर्थन जुटाउनका लागि जसपा, लोसपा, माओवादी केन्द्र वा एमालेको समर्थन जुटाउनुपर्ने हुन्छ । तर, यी दुवै दललाई ठूलो संख्या आवश्यक पर्ने भएकाले सहमति जुटाउन कठिनाई हुने देखिन्छ ।

नामकरणका लागि पेस भएका प्रस्तावहरूमध्ये कुनै एकको पक्षमा दुई तिहाइ पुऱ्याउनु पर्दा चारवटा दलहरू मिल्नुपर्ने देखिन्छ । तर, जसपा आफ्नै अडानमा कायम रहे प्रदेशका अरू सबै दल मिले पनि दुई तिहाइ पुग्ने सम्भावना रहन्न ।

यसअघि २०७६ चैत ४ गते पनि प्रदेश सभाको नामकरणका लागि भएको मतदानमा दुई तिहाइ बहमुत नपुगेपछि प्रस्तावहरू फेल भएका थिए । बिहीबार प्रस्ताव गरिएका नामहरूमा पनि दलहरूबीच सहमति नहुँदा सबै प्रस्तावहरू अस्वीकृत हुने अवस्था देखा परेको छ ।

प्रदेश सभाको बिहीबारको बैठकमा प्रदेशको स्थायी राजधानीको बिषयमा पनि छलफल भएको छ । छलफलमा भाग लिने अधिकांश सांसदले जनकपुरधामलाई राजधानी बनाउनुपर्नेमा जोड दिए भने कांग्रेस सांसद राजेश्वर साहले वीरगंजलाई राजधानी बनाउनुपर्ने बताए ।

## सम्पादकीय

# मधेशको पराजय

नेपाली कांग्रेसको हालै सम्पन्न १४औं महाधिवेशनको निर्वाचन परिणाम लगभग सकिएको छ । निर्वाचन परिणामअनुसार मधेशीको तुलनामा पहाडी नेताहरू उल्लेख्य रूपमा निर्वाचित भएका छन् ।

पार्टीको १३ पदाधिकारीमा मधेशी कोटाबाहेक एक जना पनि मधेशी नेता वा उम्मेदवार विजयी भएका छैनन् । मधेशी समुदायका विमलेन्द्र निधि सभापतिमा उम्मेदवार भए तर पराजित भए ।

भनिन्छ, नेपाली कांग्रेसको लागि मधेश उर्वरभूमि हो तर यस पटकको महाधिवेशनमा पार्टीले कोटाबाहेकको कुनै पनि सिटमा मधेशी अनुहार ल्याउन सकेन । मधेशले कांग्रेसको ढुकुटी भर्न सबैभन्दा धेरै योगदान गर्छ तर कांग्रेसले मौका र अवसरको बेला बिर्सने गर्दै आएको छ ।

२००६ देखि नै कांग्रेस रणनीतिक रूपमा मधेशमा असफल भएको पाइन्छ । चाहे त्यो बीपी कोइरालाले महेन्द्रनारायण निधिसँग गरेको सम्झौतामा होस् वा पाँच दशकपछि उनको छोरा विमलेन्द्र निधिको नाममा होस् । सभापति शेरबहादुर देउवा सँग-सँगै पाँच दशक राजनीतिक यात्रामा हिंडेका निधिलाई कसैले नपत्याउनु उनको मात्र होइन, मधेशको पनि पराजय हो ।

बूढानीलकण्ठले विमलेन्द्र निधिमाथि विश्वास नगरेको यसपटक देखियो । के त्यसो भए देउवा र निधिको यात्रा केवल १३औं अधिवेशनको स्वार्थकेन्द्रित मात्र थियो त ? २०४६ सालको राजनीतिक परिवर्तन पश्चात् मधेशमा जहिले पनि नेतात्रयको कुरा हुन्थ्यो तर काठमाडौंले नेता त दुई मात्र देखिरह्यो । तर जब-जब निर्वाचन नजिक आउँथ्यो, फेरि मधेशसँग मौसमी प्रेम देखिन थाल्थ्यो । अब यहाँनेर कांग्रेसले पुनर्विचार गर्न आवश्यक छ । किनकि अब त मधेशका जनतासँग अब पहिले भन्दा धेरै राजनीतिक विकल्पहरू छन् । कांग्रेसले पनि त्यो बुझ्नु पर्छ ।

**मधेशले कांग्रेससँग कति अपेक्षा र कति छ विश्वास गर्छ, त्यो भन्दा बढी गुमाउँछ । नेपाली कांग्रेस मधेशदेखि केन्द्रसम्म पद्धतिभन्दा पनि व्यक्तिमा केन्द्रित संस्कारबाट ग्रसित छ ।**

कांग्रेसले मधेशलाई केवल भोटको भकारी सम्झिने भूल अब नगरोस् । मधेश त सहभागी हुने र सहयात्री हुने जमात हो । नेपाली कांग्रेसले मधेशमा जातीय समीकरण अनुसार सन्तुलन गर्न सकेको छैन । जसरी दरबारले सधैं आफ्नै नजिकका पात्रलाई मात्र विश्वास गर्थ्यो, त्यसरी नै कांग्रेसले पनि सधैं मधेशमा आफ्नै दूत राखे विमलेन्द्र निधिको नाममा । नेपालगञ्जमा सुशील कोइराला होस् वा धनुषामा सरोज कोइराला तर त्यही माटोका प्रतिनिधिलाई विश्वास गरेर जग झन् बलियो बनाउने प्रयास नै भएन । कांग्रेसको १४औं महाधिवेशनमा विमलेन्द्र निधि बाहेक अरू कोही अगाडि आएन । मधेशबाट आएका महाधिवेशन प्रतिनिधिहरू पनि निधि पार्टीको नेता हुनुपर्छ पनि भनेनन् ।

मधेशले कांग्रेससँग कति अपेक्षा र कति छ विश्वास गर्छ, त्यो भन्दा बढी गुमाउँछ । नेपाली कांग्रेस मधेशदेखि केन्द्रसम्म पद्धतिभन्दा पनि व्यक्तिमा केन्द्रित संस्कारबाट ग्रसित छ । प्रक्रिया र पद्धति भन्दा पनि एक व्यक्तिमा सबै कुरा केन्द्रित भएर चल्दै गर्दा त्यस अवसरको मूल्य र पुस्ताले गुमाएको अवसरको मूल्याङ्कन गर्न आवश्यक छ । तरूण दल, नेविसंघ, प्रेस युनियनसहित अन्य भ्रातृ संगठनमा कहिले मधेशी नेतृत्व स्थापित हुने । यो सबको जवाफ कसले दिने र जिम्मा कसले लिने ?

कांग्रेस मधेशबाट जन्मिएको पार्टी हो । त्यसैले, त्यहाँ देखिएको असन्तुष्टि उसको पहिलो प्राथमिकतामा हुनुपर्छ । मधेश र पहाडलाई जोड्ने काम कांग्रेसले गर्नुपर्छ । पछिल्लो समय मधेशमा विकसित राजनीतिक घटनाक्रमबारे कांग्रेसले गहिरो ढंगले समीक्षा गरी नेतृत्वमा मधेशलाई ल्याउने वातावरण बन्नुपर्छ । मधेशसँग भएको अन्यायलाई सम्बोधन कांग्रेसले गर्नुपर्छ ।

# एमसीसीको नेपाली परिभाषा र वैधता

## विचार-विश्लेषण भाग-११३



उपेन्द्र झा

अहिले सरकारको एमसीसी पास गराउने अडान र एमसीसी सम्झौता राष्ट्रघाती हो भनेर सडकमा उर्लेर आएको नेपाली जनताको आन्दोलनले राजनीतिक बहसलाई कसमकसमा राखेको छ । एमसीसी राष्ट्रघाती र राष्ट्रहितको परिभाषाको नटुंगिने राजनीतिक बहसमा अल्झिएको छ । पौष ६ गते संसदमा टेबुल हुने एमसीसी सडकमा आन्दोलनकारी र सदनमा नेकपा एमालेको जारी अवरोधका कारण फालिएका छन् ।

२०७४ साल भदौ २९ गते (सन् २०१७)मा अमेरिकासँग एमसीसी सम्झौता भएको थियो । त्यसमा एमसीसी सम्झौतालाई संसदबाट अनुमोदन गराउने प्रावधान थिएन भनिन्छ । सन् २०१९ मा दोश्रो सम्झौता हुँदा संसदबाट अनुमोदन गर्ने प्रावधान जोडिएर आयो र सोहीबमोजिम एमसीसीलाई संसदबाट अनुमोदन गराउन ३१ आषाढ ०७६ मा संसदमा सम्झौतापत्र दर्ता भयो ।

एमसीसी अनुमोदनको प्रतीक्षा नगरि एमसीसी मुख्यालयले पूर्व तयारीका लागि मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसीए)खोलेर नेपाल कार्यालय संचालन गरिसकेको छ । नुवाकोटमा एमसीसी पूर्वाधार निर्माणको कार्यमा ६ अर्ब खर्च भै सकेको छ । नेपाल सरकारको पनि ४.३४ अर्ब खर्च भएको छ । ४ वर्षदेखि अनुमोदनको प्रतीक्षामा रहेको एमसीसी कुन विश्वासका साथ एमसीसी पूर्वाधार निर्माणका कार्यहरू थालेका छन् चिन्तनीय विषय भएको छ ।

दुई तिहाई सरकारको नेतृत्वकर्ता केपी शर्मा ओलीको विवादित कार्यकालमा एमसीसी म्याद थपिंदै ०७७ साल आषाढ मसान्तसम्म अन्तिम म्याद दिइएको थियो । यसपछि एमसीसीको विकास परियोजना नेपाल बाहिर जाने चेतावनी पनि थियो । तर त्यसो केही भएन । अझै डेढ वर्ष बित्न लागेको छ । ओलीको कार्यकालमा एमसीसी पास गराउने विश्वास क्षीण हुँदै गएका कारण सरकार परिवर्तनको रणनीति तयार पार्न पूर्वाधार परिस्थिति निर्माणका योजनाहरू बनाउन थालियो ।

नेकपा एमालेभित्र रहेका अन्तर्विरोधहरूलाई चर्काउँदै पार्टी विभाजन गरि केपी शर्मा ओलीको सरकारलाई अपदस्थ गरेर अमेरिका समर्थक नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई बडो नाटकीय ढंगबाट प्रधानमन्त्री बनाइयो । यी सब घटनालाई एमालेभित्र विद्यमान अन्तर्विरोधले ल्याएको विषम् परिस्थितिको परिणाम भनेर दर्शाए पनि एमसीसीले आफ्नो अनुकूलको सरकार ल्याउने रणनीतिको परिणामस्वरूप आएको कुरालाई नकार्न सकिदैन ।

अमेरिकाका धेरै विकास संस्थाहरू नेपालमा दशकौंदेखि कार्यरत छन् र नेपालको विकासमा प्रशंसनीय योगदान पुऱ्याइरहेका छन् । कसैलाई संसदबाट अनुमोदन दिनु परेको छैन । एमसीसीलाई पनि विकास परियोजनाअन्तर्गत परिभाषित गरिएको छ भने यसको लागि संसदबाट पास गराउने आवश्यकता किन पऱ्यो ? यहाँबाट नेपाली जनतामा शंका उब्जेर आन्दोलनको रूप लिएको छ ।

एमसीसी सम्झौताका बुँदा-बुँदाको व्याख्यामा संलग्न देशका बुद्धिजीविले राष्ट्रघाती सम्भौताको रूपमा

प्रचारित गरेपछि लोभीपापी नेताहरूले विगतमा गरेका धेरै राष्ट्रघाती सम्झौताहरू सम्झेर आम नेपाली जनता आक्रामक रूपमा सडकमा आएका छन् । एमसीसी विकास परियोजना हो भने यसले संसदबाट पास गराउने ढिपी किन लिएको छ भन्ने तर्क जनताको छ । एमसीसी विशेष उद्देश्यबाट प्रेरित रहेको शंका अब जनमानसमा मात्र होइन कि राजनीतिकर्मीहरूमा पनि रहेको छ ।

एमसीसी ४ वर्षदेखि अभ्यासमा रहँदा पनि यसबारे काँग्रेस कम्युनिष्टका नाम चलेका नेताहरू पनि एमसीसीबारे पूर्णज्ञान नरहेको अभिव्यक्तिबाट थाहा पाइन्छ । सत्तामा रहँदा एमसीसी पास गराउने अडान र सत्ता बाहिर आउँदा राष्ट्रघाती सम्झौता भन्ने नेताहरूको द्वैध मानसिकताले समग्र राजनीतिलाई नै अहिले फँसाई दिएको छ । सत्तासीन भएपछि यो विकास परियोजना हो । नेपालको विकास नचाहने तत्वहरूले यसलाई राष्ट्रघाती भनेर प्रचार गरेका छन् भन्छन् । इण्डो प्यासिफिक रणनीतिसँग यसको कुनै सरोकार छैन भनेर जनतामा भ्रम छर्नेहरूलाई अमेरिकाका सरकारी वक्तव्यको जानकारी छैन जस्तो लाग्छ । लोभीपापी मानसिकताबाट प्रेरित नेताहरूको अमेरिकाको पक्षमा सफाई दिई रहँदा जनतामा शंका गहिरिंदै गएको छ ।

जनताको व्यापक विरोधलाई मत्थर पार्न अमेरिका समर्थक देउवा सरकारले १८ भदौ ०७८ मा एमसीसी नेपालको संविधान, सार्वभौमिकता, स्वतन्त्रता, स्वाधीनता र राष्ट्रको हितविपरीत छैन भन्ने अमेरिकी सरकारबाट सुनिश्चितता खोजेको भनेर ११ प्रश्नसहितको पत्र दूतावासमार्फत अमेरिका सरकारलाई पठायो । भदौ २३ मा ११ प्रश्नको अमेरिकी सरकारले के जवाफ दियो, सार्वजनिक भएन । २४ भदौमा एमसीसी मुख्यालयका उपाध्यक्ष फातिमा सुमार नेपालको ४ दिने भ्रमणमा आएर नेताहरूलाई बिना संशोधन एमसीसी पास गर्न आग्रह गरेर गईन् । त्यस्तै मंसीर १ मा अमेरिकी विदेश सहायकमन्त्री डोनाल्ड लु पनि नेपालको ४ दिने भ्रमणमा नेताहरूलाई एमसीसी पास गर्न आग्रह गरे तर संशोधन गर्न भने अमेरिका मानेको छैन ।

२०१९ मा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले एमसीसी इण्डो प्यासिफिक स्ट्राटेजी (आईपीएस)को अंग रहेको घोषणा गरेको थियो । नेपालस्थित अमेरिकी दूतावासका अधिकारी कार्ल रोजर्सले २७ दिसम्बर २०१९ मा एमसीसी अमेरिकाद्वारा डिजाइन गरिएको आईपीएस रणनीतिसँग जोडिएको परियोजना हो भनेर सार्वजनिक गरेका थिए । मे २०१९ मा विदेश मन्त्रालयमार्फत् दक्षिण तथा मध्य एसिया मामिला हेर्ने ब्युरोका सहायकमन्त्री डेविड जे रञ्ज नेपाल भ्रमणमा आउँदा दरबारमार्गस्थित प्याभिलनमा आयोजित एक कार्यक्रममा एमसीसी सम्झौता नेपालमा आईपीएसअन्तर्गत कार्यान्वयन हुन गइरहेको बताएका थिए । १० फेब्रुअरी २०१९ मा अमेरिकी सहायक विदेशमन्त्री एलाइस जी वेल्सले र २५ फेब्रुअरी २०१९ मा नेपालका लागि अमेरिकी राजदूत ऱ्याण्डीले औपचारिक कार्यक्रममा एमसीसी आइपीएसअन्तर्गत रहेको बताएका थिए ।

अमेरिकाले नेपाललाई उसको राज्य साझेदारी कार्यक्रम (एसपीपी) को नयाँप्रवेशी राष्ट्र पनि बतायो ।

अमेरिकी सैन्य नेतृत्वले नेपाललाई आईपीएसमा साझेदार बनाई रक्षा सम्बन्ध विस्तारका गतिविधि बढेको बोध गरी नेपाली जनमानस बढी सशंकित बनेका छन् ।

सन् १९७९-२०१९ को ४० वर्षको अवधिमा अमेरिका-चीन सम्बन्ध शान्ति मैत्री रहेको थियो । यस अवधिमा चीनको सस्तो उत्पादन अमेरिकाले खुबै प्रयोग गऱ्यो । अमेरिकाले नयाँ प्रविधिका इलेक्ट्रोनिक सामानहरू चीन निर्यात गरे । चीन अमेरिकाको मधुर सम्बन्धको प्रभाव स्वरूप चीन, भारत र पूर्वी एसियाका करोडौं मानिस गरिबीको रेखामुनिबाट बाहिर निस्किन सफल भए । ४० वर्षको अवधिमा विश्वले अनुभव गरेको शान्ति र समृद्धिको व्याख्या अमेरिका-चीनबीचको मित्रताको सन्दर्भ बिना अपूरो हुन्छ ।

अमेरिकाको दोश्रो प्रतिस्पर्धीको रूपमा उदाएको चीन प्रविधि विकासमा अमेरिकालाई मात दिने सोचले प्रेरित अमेरिकाको सूचना प्रणालीभित्र छिर्ने प्रयास गर्दा दुबैको सम्बन्ध चिसिन थाल्यो । सूचना प्रणालीभित्रका उच्च ओहदामा रहेकाहरूलाई किनेर सूचना चोर्ने क्रियाबाट अमेरिका-चीनको नैतिकहीनताबाट क्रूद्ध भयो । दक्षिण पूर्व तथा दक्षिणमा चीनको प्रभावलाई रोक्न लिएको इण्डो प्यासिफिक रणनीति भारतका साथ अगाडि बढेको छ । एमसीसी आईपीएसको अंग हो भनेर अमेरिकी सरकारले स्वीकार गरि सकेको अवस्थामा अब यसलाई विकास परियोजना मात्र हो भनेर नेपाली जनता कसरी विश्वास गर्ने ? विकासको आवरणमा सैन्य महत्वको उद्देश्य बोकेको एमसीसी नेपालको राजनीतिलाई कुन अवस्थामा लैजान्छ अहिले भन्न कठीन छ ।

चीनको बढ्दो प्रभुत्वले गलवान, लद्दाख र डोकलाममा भारतलाई मुठभेडका लागि उक्साइरहेको छ भने साउथ चाइना सीका देशहरूलाई चैनसँग बस्न दिएको छैन । आफ्नो सीमाको चारैतिर सीमा विवाद उठाएर मुठभेडका लागि देशहरूलाई उक्साउने चीनको खतरनाक चाललाई मात दिन अमेरिका नेपाललाई रोजेको छ । नेपाली कांग्रेसको नेतृत्वमा गठबन्धन सरकारले एमसीसी पास गराउन व्यापक तयारी गरेको कुराबाट चीन चिन्तित मात्र होइन, आतंकित भएको छ । एमसीसीको विरूद्ध भाँडभैलो मचाउन चीन पनि आक्रामक रूपमा सक्रिय छ । एमसीसी फाल्न चीनले नेपाललाई ६० अर्ब तथा विकास निर्माणमा १ खर्ब दिने चीनको आश्वासन पनि नेपाली राजनीतिलाई निकै तरंगित बनाएको छ ।

**चीनको बढ्दो प्रभुत्वले गलवान, लद्दाख र डोकलाममा भारतलाई मुठभेडका लागि उक्साइरहेको छ भने साउथ चाइना सीका देशहरूलाई चैनसँग बस्न दिएको छैन । आफ्नो सीमाको चारैतिर सीमा विवाद उठाएर मुठभेडका लागि देशहरूलाई उक्साउने चीनको खतरनाक चाललाई मात दिन अमेरिका नेपाललाई रोजेको छ ।**

नेकपा (समाजवादी) का १४ जना साँसदलाई खारेजी र सभामुखको राजीनामाको माग गरेर एमालेले संसदभित्र जारी राखेको गतिरोध निरन्तर चलिरहेको छ । यथास्थितिमा एमसीसी पास नहुने कुरा पनि एमालेले पौष ६ गते सार्वजनिक गरेको छ । हुन त एमालेको अवरोधबीच दुइटा विधेयक पास भएको छ । संसद अवरूद्ध गरेर आफ्ना कुरा मनाउन एमालेको यो अभियान गठबन्धन सरकार ढाल्ने मुख्य उद्देश्य लिएको भान हुन्छ । ओलीको समर्थनमा शेरबहादुर देउवा आए सबै समस्याको सहजीकरण हुने संकेत अब प्रधानमन्त्री देउवाले पनि पाइरहेको अवस्था छ । चुनावी सरकारमा प्रचण्ड, माधवकुमार नेपाललाई राख्न केपी शर्मा ओलीले पटक्कै नरूचाएकोले यिनलाई बाहिर गर्ने ओलीको रणनीति शुरू भइसकेको छ ।

janukjha24@gmail.com

# नेपालमा सिंचाई गरेपछि भारतलाई पानी : अध्यक्ष ओली

मणि प्रसाद गैह्रे, कपिलवस्तु । नेकपा एमालेका अध्यक्ष एवं पुर्व प्रधानमन्त्री केपि शर्मा ओलिले नेपालमा सिंचाईको अभावमा खेत बाझो राखेर भारतलाई पानी दिन नसकिने बताए । नेपालका जग्गा जमिन सिचाई भएपछि मात्र भारतलाई पानी दिने र सबैले पानीको सदुपयोग गर्नुपर्ने बताए । नेकपा एमाले कलिवस्तुले बहादुरगजंमा राखेको पार्टी प्रवेश तथा आम सभामा ओलीले यस्तो बताएका हुन् । ओलिने भने 'यता नेपाल तर्फ जमिन बाझो छ उता भारत तर्फ सिचाई गरेर खेती भइरहेको छ यो कदापी हुदैन' साथै ओलिले "कपिलवस्तुमा कृषि सिचांइको लागि अब नौमुरे योजना छिट्टै सुरू हुन्छ, " उनले भने । नौमुरेको पानी कपिलवस्तु आएपछि कपिलवस्तु जिल्लामा सिचाई भई उत्पादन हुने र भारत तर्फ पनि सिचाईको लागि पानी जान सक्ने बताए । नेकपा एमालेले बेशहारा, अभिभावक विहिनको पार्टि भएको उनले बताए । । एमालेले बेशहाराका लागि सामाजिक सुरक्षा भत्तालाई प्रोत्साहन गरेको बताए । कपिलवस्तुलाई औद्योगिक शहर बनाउने योजनाका साथ अघि बढ्ने बताए । अध्यक्ष ओलीले आफ्नो कार्यकालमा भारतसगँ सुमधुर सम्बन्ध स्थापित गरेको बताए ।

जेष्ठ नागरिकलाई स्वास्थ्यका लागि एमाले सरकारले औषधी उपचारको ब्यवस्था गरेको बताए । सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले हुलाकी राजमार्ग निर्माणका लागि विशेष ध्यान दिने बताए । आफू प्रधानमन्त्री हुदा कपिलवस्तुको तौलिहवा जस्तो शहरलाई ५० लाख रकम बिनियोजन तथा सडक पुर्वाधारको लागि रकम बिनियोजन स्मरण गरे । जनता अवास कार्यलाई निरंतरता दिई फुसको छानो मुक्त गाउँ विकास स्थानीय तह एवम् पालिकालाई अनुरोध गरे । एमालेमा प्रवेश गरेका नेता मंगल प्रसाद गुप्तालाई स्वागत गरे । नेकपा एमाले गरिव दुखिको पार्टी भएकोले एमालेमा प्रवेश गर्नेको जनलहर बढेको अध्यक्ष ओलीले बताए । ओलीले भने म ७० बर्षको भए १८ घन्टा काम गर्छु । तपाईहरू पनि काम गर्नुअ अनि मात्र पार्टी अघि बढ्छ । नेकपा एमालेका महासचिव शंकर पोखेल हामी जनताबाट डराएका छैनौ । उनले भने "हामी चुनाव चहान्छौ" देउवा सरकार चुनावबाट डराएको छ ।

लुम्बिनी प्रदेशका पुर्व मुख्यमन्त्री समेत रहेका पोखेलले केपी ओली सरकार भएको समय विकासको लहर चलेको बताए । कपिलवस्तुको बहादुरगंज नेकपा एमालेको आमसभालाई सम्बोधन गर्दै महासचिव पोखेलले अब कपिलवस्तुमा विकासको लहर चल्ने बताए । कपिलवस्तु-जनता समाजवादी पार्टी नेपालका केन्द्रिय सदस्य एमालेमा प्रवेश गरेका छन् । आफ्नो क्षेत्रको विकासको लागि एमालेमा प्रवेश गरेको मगंल प्रसाद गुप्ताले बताए । नेकपा एमाले जिल्ला कार्य समिती कपिलवस्तुको आयोजना बहादुरगंजमा भएको आमसभा कार्यक्रममा एमाले प्रवेश गरेपछि अब क्षेत्रलाई एमालेमय बनाउने बताए ।

# विमलेन्द्र निधि देउवाका प्रायोजित उम्मेदवार थिए



**देवेश झा**
**राजनीतिक विश्लेषक**

**राष्ट्रिय दलहरूको महाधिवेशन**

**० गत मंसिरमा सम्पन्न राष्ट्रिय दलहरूको महाधिवेशनले के सन्देश दिएको छ ?**

– मंसिर महिना नेपालको प्रमुख दलहरूको महाधिवेशन सम्पन्न गर्ने महिनाको रूपमा रह्यो । जसमा सबभन्दा पहिले नेकपा एमाले, त्यसपछि राप्रपा र त्यसपछि कांग्रेसको महाधिवेशन सम्पन्न भएको छ । एमालेको महाधिवेशनलाई हेर्ने हो भने झलनाथ खनाल, माधवकुमार नेपाल र वामदेव गौतमजस्ता वरिष्ठ नेताहरू थिएनन् । अर्थात् केपी शर्मा ओलीको लगभग एकल वर्चश्वमा एमालेको महाधिवेशन भएको थियो । जसबाट आफूलाई सर्वसम्मतबाट ऐतिहासिक नेतृत्वको रूपमा ल्याउनु खोज्नुभएको थियो । तर भीम रावलको कारणले यसपालि त्यो सम्भव भएन । एमालेको महाधिवेशनले आफ्नो निरन्तरतालाई पुनर्प्रमाणीकरण मात्र गरेको छ । केपी ओलीजी एमालेमा अहिले पूर्णरूपेण वर्चश्वशाली नेता हुनुहुन्छ । त्यस हिसाबले एमाले अहिले एउटा शक्तिशाली नेतृत्व भएको पार्टीको रूपमा अगाडि आएको छ र यसले महत्वपूर्ण भूमिका खेल्ने अवसर प्राप्त गरेको छ । त्यसैगरी, राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशन पनि चर्चित रहेको छ । त्यहाँ पहिलोपटक जनजाति समुदायका एउटा युवा नेताले नेतृत्वको अवसर प्राप्त गरेको छ । यस दृष्टिकोणमा त्यो महाधिवेशन चर्चित पनि भयो ।

यस्तै, नेपाली कांग्रेसको महाधिवेशनलाई हेर्ने हो भने परिवर्तन र पुस्तान्तरणको नाराहरू जोडदार उठान गरेर प्रारम्भ भएको थियो । तर त्यो महाधिवेशनको विसर्जन हुँदासम्म मिश्रित परिणाम आएको छ । त्यसले देउवा पक्षलाई प्रायः बहुमतजस्तै परिणाम दिएको छ । हुन त देउवाजी पहिलो चरणको महाधिवेशनमा आधाभन्दा कम मत ल्याउनुभएको थियो । अर्थात् उहाँका विरूद्ध आधाभन्दा बढी जनमत कांग्रेसभित्र थियो । तर दोस्रो चरणमा उहाँ प्राविधिकरूपमा निर्वाचित हुनुभयो । उहाँले एउटा रणनीतिक योजनाअनुरूप नै आफ्ना विरोधी पक्षका मत विभाजन गर्नका लागि आफ्नै भित्रका दुई जना समर्थकलाई उम्मेद्वार बनाउनुभएको थियो । त्यसमा पनि क्याटेगोरकली एउटा मधेशी (विमलेन्द्र निधि) र अर्को नेवार (प्रकाशमान सिंह) समुदायबाट उम्मेदवारी दर्ता गराउनुभयो । किनभने यी दुवै जनाले पहिलो चरणको निर्वाचनको अन्तिम समयसम्म देउवालाई जसरी पनि हराउँछौं भनिरहेका थिए । तर दुवैले देउवालाई समर्थन गर्न पुगे । यसले प्रष्ट देखिन्छ कि ती दुवै जना देउवाद्वारा प्रायोजित हुनुहुन्थ्यो । केन्द्रीय सदस्यको बनावट हेर्दा त्यहाँ पनि देउवाकै बहुमत छ । कांग्रेसको महाधिवेशनमा सत्ताको प्रभाव देखियो ।

**० यी महाधिवेशनहरूले नेपाली राजनीतिमा पुस्तान्तरणको एजेण्डाबारे के भन्नुहुन्छ ?**

– कांग्रेस महाधिवेशनको पदाधिकारी निर्वाचनमा ६० वर्षमुनिका धेरै जना निर्वाचित भएर आएका छन् । यो एउटा सकारात्मक कुरा हो र यो पुस्तान्तरणको संकेत पनि हो । राप्रपाको महाधिवेशन परिणामबाट पनि हौसिएका युवाहरूले यो परिणाम दिन आँट गरे र देखाए । यो परिणामको निरन्तरता अब अन्य दलहरूमा पनि क्रमिकरूपमा हामी देखिरहने छौं । यसले आउने दिनमा युवा पुस्तालाई राजनीतिमा आकर्षण बढाउनेछ । विगत केही दिनदेखि हामी नैराश्यता देखिरहेका थियौं ।

**० कांग्रेसको महाधिवेशनमा मधेशीको प्रतिनिधित्वलाई कसरी हेर्नुभयो ?**

– कांग्रेसले मधेशलाई जसरी पनि संरक्षण गर्न सक्नुपर्दथ्या, त्यसो गर्न सकेको छैन । कांग्रेसमा रहेका मधेशी नेताहरूलाई जसरी पनि प्रतिनिधित्व गराउन सक्नुपर्दथ्यो, त्यो भएन । विगतमा पनि महन्थ ठाकुर अथवा जयप्रकाश गुप्ता जस्ता वरिष्ठ नेताहरू कांग्रेसमा उचित व्यवहार नपाएकै कारण त्यहाँबाट निस्केर मधेश राजनीतिमा लागिसकेका हुन् । यसबाट सचेत हुनुपर्ने थियो । मधेशी नेताहरूमा फेरि शंकाको वातावरण बढ्यो भने पलायन हुनसक्ने सम्भावना बढेको छ ।

**० भनेपछि कांग्रेसले मधेशलाई आफ्नो भोट बैंकको रूपमा लिंदै आएको छ ?**

– कांग्रेसले मधेशबाट जति प्राप्त गरेको छ, त्यो हिसावले अझै पनि दिन सकेको छैन । मधेशको पहिचानको सवालमा कांग्रेसमा जहिले पनि कमजोर जवाफहरू आउने गरेको हामीसँग तथ्यांक छ । गजेन्द्र नारायण सिंह पनि कांग्रेसकै नेता थिए, त्योभन्दा पहिले वेदानन्द झा अथवा उनका दाई पनि कांग्रेसकै नेता थिए । मधेश राजनीतिमा स्थापित भएका प्रजातान्त्रिक पक्षका नेताहरू कुनै न कुनै कालखण्डमा कांग्रेसी राजनीतिबाटै आएका हुन् । कांग्रेसभित्र यसलाई एउटा कमजोर पक्षका रूपमा लिनुपर्छ । आज पनि कांग्रेसको मतदाता पहाडभन्दा मधेशमा बढी छन् । जेसुकै अवस्था भएपनि, मधेशी दलहरू जतिसुकै बलियो भएपनि कांग्रेसको स्पेस मधेशमा कायम छ । यति हुँदाहुँदै पनि कांग्रेसले मधेशलाई चिन्न सकेन, पहिचान र सम्मान दिन सकेन ।

**० कांग्रेसकै विभेदका कारण मधेशी दलहरूको उत्पति भएको हो त ?**

– कांग्रेसकै कारण मधेशी दलहरूको उत्पति भयो भन्ने मात्रै होइन, यसका अन्य पक्षहरू पनि छन् । तर लगातार मूल नेतृत्व कांग्रेसकै हातमा छ । अहिलेसम्म हेर्ने हो भने कम्युनिष्टहरूले पनि नेतृत्व गरेका छन् तर मूल नेतृत्व सधैं कांग्रेसको हातमा रहेको छ । कम्युनिष्ट पार्टीहरू त धेरै पछि अस्तित्वमा आएका हुन् । २००७ सालदेखि २०१५ सालको निर्वाचनसम्म एक पक्षीयरूपमा कांग्रेस थियो । त्यसबाहेक अरू कुनै दल नै थिएन । मधेशको सवाल उठ्ना साथ जति दिनुपर्ने हो तुलनात्मकरूपमा कांग्रेसले त्यो स्पेस मधेशलाई दिन सकेको देखिँदैन । यसपटककै महाधिवेशनमा खुल्लातर्फ मधेशीको प्रतिनिधित्व शून्यकै हाराहारीमा छ । मधेशी नेताको अभाव छ भन्ने पनि छैन, एकसेएक स्थापित नेताहरू कांग्रेसमा छन् । २००७ सालको क्रान्तिदेखि अहिलेसम्म सँगै हिंडेका र संघर्ष गरेका नेताहरू छन् । यस मामिलामा कांग्रेस अझ बढी उदार भएको भए, कांग्रेसकै लागि फाइदाजनक हुनेछ । कांग्रेस यदि यसरी नै संकुचित ढंगले गइरहने हो भने मधेशी नेताहरूको पलायन रोक्न सकिदैन ।

**एमसीसी विवाद**

**० अहिले एमसीसीबारे पनि चर्चा र बहस भइरहेको छ, यसलाई कसरी हेर्नुभएको छ ?**

– एमसीसीको बारेमा नेपाली समाजमा अहिले दुई किसिमको धार कायम छ । कि त एमसीसीको विरोधी हुनुपर्‍यो, जसले विरोध गरिरहेको छैन उसले डलर प्राप्त गरिरहेको छ भन्ने बुझाइ छ ।

**० यो बुझाइ मात्रै हो कि वास्तविकता पनि हो ?**

– वास्तविकता मलाई लाग्दैन । किनभने अमेरिकाले २०४६ को परिवर्तनपछि केयर नेपाल भन्ने संस्थामार्फत् यहाँ काम गरेको थियो, जसमा सबभन्दा ठूलो लगानी अमेरिकीहरूको थियो । पहाडका जिल्लाहरूमा अधिकांश झोलुङ्गे पुल केयर नेपालले बनाएको हो । अहिले जे जति कुराहरू आइरहेका छन् कि अमेरिकी सेना आउँछन्, त्यो बकबास मात्र हो । किनभने त्यसो भएको भए केयर नेपालले काम गरिरहेकै बखत अमेरिकी सेना आउन सक्थ्यो । त्यतिबेला त कुनै चर्चा भएन । नेपालमा जहिले पनि विकास निर्माणका कुराहरू हुन्छ, त्यसबेला व्यापकरूपमा नकारात्मक वातावरण तयार गरिने चलन छ । २००७ सालको परिवर्तनपछि तत्कालीन नेपाल सरकारले भारतसँग गौचरण विमानस्थललाई स्तरोन्ती र काठमाडौंलाई हेटौडासम्म सडकमार्गबाट जोडिन दिन माग गरेको थियो । यी दुवै कामका लागि तत्कालीन भारत सरकारले तुरून्तै अनुदानस्वरूप भारतीय सेनामार्फत् बनाउने निर्णय गर्‍यो । गौचरण विमानस्थलको स्तरोन्ती गरेर अन्तर्राष्ट्रिय विमानस्थल बनाउने र काठमाडौं-हेटौडा राजमार्ग निर्माण गर्ने कुरा थियो । त्यतिबेला काठमाडौंमा व्यापक विरोध भयो । भारतीय सेना यो सडक भएर काठमाडौं आउँछ भन्ने प्रचार गरियो । आजसम्म भारतीय सेना यो सडकमार्ग भएर काठमाडौं आइपुगेको छैन । यस्ता अन्य पनि धेरै उदाहरणहरू छन् । त्यसले गर्दा नेपालमा विचित्र किसिमको न्यारेटिभ छ ।

यहाँ राष्ट्रवाद भनेको त्रासको राष्ट्रवाद हो । अहिले के छ भने अमेरिकी सेनाहरू एमसीसीको गाडी चढेर नेपाल आइहाल्ने छ । अलिकति विचार गरौं, आजको जमानामा यो कुरा कति सम्भव छ ? सद्दाम हुसेनको सेना कुवेत प्रवेश गरेर सम्पूर्ण कुवेत कब्जा गरिसकेको थियो, तर के उसले खान सके त ? नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र हो । आजको मितिमा नेपाललाई कसैले निल्न सक्दैन । हामीले आफै यसलाई विसर्जन गर्न खोज्यौं भने त्यो बेग्लै कुरा हो । नभए त भौगोलिक सीमा भएकै कारणले कसैले खाइहाल्छ भन्ने स्थिति छैन । अर्को कुरा नेपाली जनता आफै पनि जागरूक छन् । जुन देशको जनता जागेको छ भने त्यो देशको सम्प्रभूता, एकता, अखण्डतामा कहीं कुनै प्रकारको संकट पर्ला जस्तो लाग्दैन । यदि हामीले यही प्रकारका निर्णयहरू गरिरह्यौं भने नेपाली नेतृत्वप्रति विश्वासको संकट हुन सक्छ ।

**० राजनीतिक दलहरू एमसीसीबारे किन प्रष्ट छैन ?**

– दलहरू स्पष्ट छन्, भ्रममा नपरौं । नेपाली जनतालाई भ्रमित बनाउनका लागि दलहरूले सारा नाटकहरू खडा गरेका छन् । नेपाली कांग्रेस प्रष्टतः यसको पक्षमा छ । एमालेको कुरा गर्ने हो भने तत्कालीन सभामुख कृष्णबहादुर महरा र वर्तमान सभामुख अग्नि सापकोटाले सदनमा नल्याइदिएको भनेर असन्तुष्टि व्यक्त गरिरहेका छ । अर्थात् एमाले पनि एमसीसीको समर्थनमा छ । माओवादीको बारेमा भन्ने हो भने प्रचण्ड र देउवा दुवैले लिखितरूपमा प्रतिबद्धता जनाएको कुरा प्रधानमन्त्री देउवाले स्वयम् भनिसक्नुभएको छ । अहिले पनि प्रचण्डका वक्तव्यहरू हेर्ने हो भने अस्वीकार गरेको शब्द प्रयोग गर्नुभएको छैन । देउवाले गठबन्धनलाई निरन्तरता दिएर चुनावसम्म जाने मनस्थितिमा हुनुहुन्न । यता, माधव नेपालजी प्रचण्डलाई साथमा लिएर यो गठबन्धनलाई चुनावसम्म बार्गेनिङ्ग टुल्सको रूपमा एमसीसीलाई व्यवहार गरिरहनुभएको छ । माधव नेपाललाई निर्वाचनमा सिट सेयरिङ्गको ग्यारेन्टी चाहियो, अन्य कुनै कुरा छैन । यी कुराहरू चुनावमा गठबन्धनको माध्यमबाट सिट सेयरिङ्गको लेनदेनमा लागेको अन्योलतामा हामी देखिरहेका छौं ।

**हिन्दू राष्ट्र स्वाभिमान जागरण अभियान**

**० यो हिन्दू राष्ट्र स्वाभिमान जागरण अभियान के हो ?**

– २०६३ को जनआन्दोलनपछि नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरियो । सुरूदेखि यो बहसको विषय हो । आन्दोलनमा कहिल्यै पनि हिन्दूराष्ट्रका विषयमा कुनै नारा लागेन, अथवा नेपाली जनताले कहीं पनि धर्मनिरपेक्षताको माग गरेको थिएन । धर्मनिरपेक्ष कसरी प्रवेश गर्‍यो भन्ने कुरा कसैलाई पनि थाहा थिएन । यसको स्वामित्व कसैले पनि ग्रहण गर्न खोजेन । धर्मनिरपेक्षतालाई चोर बाटोबाट छिराइएको अवस्था थियो । संविधानसभाबाट संविधान जारी हुनुभन्दा पहिले राय संकलनका लागि पठाइएको थियो । त्यसमा ९० प्रतिशतभन्दा बढीले धर्मनिरपेक्षता हटाउनुपर्छ भन्ने राय जनताले पठाएका थिए । जसलाई कुनै वास्ता गरिएन । हामीले आम नेपाली जनतालाई एउटा शब्द दिने प्रयास गरिरहेका छौं । राजनीतिक रूपमा हामीलाई कुनै लेनादेना छैन । तन्त्र जुनसुकै होस्, यसमा हाम्रो बहस छैन । गणतन्त्र र संघीयता राजनीतिक माग थियो तर धर्मनिरपेक्षता कुनै माग थिएन । त्यसलाई बलजफ्ती प्रवेश गराइएको हो । नेपाली समाजका लागि धर्मनिरपेक्षता सामाजिक विभाजनका लागि एउटा टुलको रूपमा अगाडि बढ्दैछ । नेपालमा २०२८ देखि जनगणना सुरू भएको हो । त्यो बेला इसाईको जनसंख्या शून्य थियो । २०३८ देखि त्यसको गणना सुरू भएको छ । २०४८ सालमा इसाई ०.२८ मात्र थियो, २०५८ मा ०.४४ भयो र २०६८ मा एकैचोटि तीन गुणाभन्दा बढी बढ्यो । नेपालको जनसंख्या वृद्धिदर करिब-करिब साढे तीन प्रतिशतको हाराहारीमा छ । इसाई धर्मावलम्बीको जनसंख्या दश वर्षमा तीन सय प्रतिशतभन्दा बढी भयो । यो कसरी सम्भव छ ? जब देशकै जनसंख्या साढे तीन प्रतिशत बढिरहेको छ भने कुनै धर्म विशेषको जनसंख्या तीन सय प्रतिशतभन्दा बढी कसरी वृद्धि हुनसक्छ । यसको एक मात्र कारण हो धर्मान्तरण । नेपालले धर्मान्तरणलाई गैरकानून घोषित गरेको छ । तर यहाँ त प्रष्टै धर्मान्तरण भइरहेको छ । यो के हो भने नेपाललाई सामाजिकरूपमा विसर्जन गर्ने षड्यन्त्र भइरहेको छ । हामी त्यसैको विरूद्धमा चेतना जगाउनका लागि यो अभियान सञ्चालन गरिरहेका छौं ।

**० धर्मनिरपेक्ष कसैको माग थिएन भने कसले चोर बाटोबाट छिराए त ?**

– हाम्रा राजनीतिक नेताहरूले नेपाल र नेपालीको पहिचान नै हिन्दूत्व हो भन्ने बुझ्नुपर्छ । आजको दिनमा नेपालको एउटा ठोस पहिचान के हो त ? त्यो भने हिन्दूराष्ट्र मात्र हो । आज कुनै पनि ठोस पहिचान छैन जसलाई नेपालीको विशेष पहिचानको रूपमा भन्न सकिन्छ । एक मात्र हिन्दूराष्ट्र एउटा यस्तो शब्द र पहिचान हो जुन नेपाली मात्रको थियो । विश्वको एक मात्र हिन्दूराष्ट्र नेपाल भनेर पहिचान थियो, जुन आज गुमेको छ । हामी त्यसलाई पुनर्स्थापित गर्ने प्रयासमा लागेका छौं ।

**० फेरि नेपाललाई हिन्दूराष्ट्र बनाउन सम्भव छ ?**

– निश्चितरूपमा । किनभने ९० प्रतिशतभन्दा बढी नेपाली जनताको आकांक्षा हो । जनता जनार्दन हुन्छ । ढिलोचाँडो नेपाल हिन्दूराष्ट्र स्थापित भइछाड्छ । कुनै पनि कुराको उठान भएको छ भने त्यो पूरा हुन्छ । जे सत्य छ, त्यसबाट टाढा भाग्न सकिँदैन । सत्य हैरान, परेशान हुन्छ तर पराजित हुँदैन ।

**० नेपालमा हरेक उपलब्धिका लागि आन्दोलन भएका छन्, पुनः हिन्दूराष्ट्रका लागि जनता सडकमा आउँछन् ?**

– हाम्रो प्रयास रहनेछ कि हाम्रा राजनीतिक दलका नेताहरूले यी कुराहरू बुझ्नुन् । उहाँहरूले जनआवाजलाई महसुस गरून्, त्यसलाई स्वीकार गरून् । किनभने उहाँहरू जनताकै प्रतिनिधि हुन् र जनताको चाहनाअनुसार काम गर्नु नै बुद्धिमानी हुनेछ । त्यो हामीले देखिरहेका छौं । नेपाली कांग्रेसभित्र पनि हिन्दूराष्ट्रका लागि हस्ताक्षर अभियान चलेको थियो । एमालेमा पनि हामीले देखेका छौं कि अध्यक्ष केपी शर्मा ओलीजी हिन्दूत्वको पक्षमा सकारात्मकरूपमा अगाडि बढिरहनुभएको छ । उहाँले पनि यसलाई राष्ट्रको अस्मितासँग जोड्नुभएको छ । माधव नेपालले पनि हिन्दू धर्म राष्ट्रिय एकताका लागि आवश्यक छ भनेर भन्नुभएको छ । अर्थात् ढिलो चाँडो नेताहरूको मनमा यो कुरा उठ्न सुरू भइसकेको छ । त्यसैले गर्दा हिन्दूराष्ट्र पुनर्स्थापनाका लागि जनता आन्दोलनमै जानुपर्छ भन्ने अवस्था सिर्जना हुँदैन । तर त्यहीं अवस्था आयो भने नेपाली जनताले त्यो पनि गर्नेछ ।

**० प्रायः हिन्दूराष्ट्रको एजेन्डा बोक्नेहरूले राजाको पनि वकालत गरेको देखिन्छ, तपाईंहरूको के छ ?**

– हाम्रो हिन्दूराष्ट्र स्वाभिमान जागरण अभियानले हिन्दूराष्ट्रको मात्रै वकालत गरिरहेको छ । तन्त्रको विषयमा हामी केही बोल्न चाहँदैनौं । तन्त्र भनेकै राजनीतिक व्यवस्था हो, तर यो सांस्कृतिक विषय हो । हामी राजसंस्थाको पक्ष वा विपक्षमा छैनौं । हरेक प्रकारको तन्त्र हाम्रो लागि स्वागतयोग्य छ ।

**० तर, राजसंस्थाले मात्रै हिन्दूराष्ट्रको संरक्षण गर्न सक्छ भन्ने बुझाइ पनि छ नि ?**

– त्यो पनि एक किसिमको बुझाइ हो । गणतन्त्रको सूत्रपात पनि हिन्दू धर्मले नै गरेको हो । चाणक्यले हिन्दू धर्मकै सिद्धान्तहरूलाई अगाडि बढाएका थिए । गणतान्त्रिक राष्ट्रहरू पनि हिन्दू धर्मले नै प्रतिपादित गरेको सिद्धान्तअन्तर्गत पर्छ ।

# एमसीसी र 'इन्डो-प्यासिफिक स्ट्राटेजी'



सन्तोष मेहता

> एमसीसी सहायता प्राप्त गर्न सकेमा नेपाल अन्तरदेशीय विद्युत् व्यापारमा सफल भएमा नेपाललाई त्रिपक्षीय व्यापार गर्न सहज हुनेछ र नेपालले ऊर्जा क्षेत्रमार्फत आफ्नो अर्थतन्त्रको विकास गर्न सुनिश्चित गर्नेछ । यो आयोजना सफल भएपछि करिब २ हजार के.भी बिजुली निकासी गर्ने सम्भावना रहेकोले नेपालको आर्थिक विकासमा यो प्रसारण लाइनले ठूलो भूमिका खेल्ने छ ।

नेपालमा एमसीसीबारे बहस हुँदा यसलाई 'इन्डो-प्यासिफिक स्ट्राटेजी' सँग जोड्ने गरेको पाइन्छ । के साच्चै एमसीसी 'इन्डो-प्यासिफिक स्ट्राटेजी' कै अंग हो त ? अथवा 'इन्डो-प्यासिफिक स्ट्राटेजी' अमेरिकाको सैनिक रणनिति वा गठबन्धन हो त ? यी सम्बन्धहरूका बारेमा यहा काल्पनिक कुरा बढी हुँदारहेछन् । नेपालले प्राप्त गरेको अनुदानमध्ये एमसीसी सायद सबैभन्दा पारदर्शी हो । तर, दुर्भाग्यवश, यो पारदर्शिताले अफवाह फैलाउनेहरूलाई मद्दत गऱ्यो । एमसीसी संयुक्त राज्य अमेरिकाको कुनै पनि विकास साझेदारभन्दा बढी पारदर्शी र आवश्यक परियोजना हो ।

अमेरिकी राष्ट्रपतिले प्रत्येक दुई वर्षमा राष्ट्रिय सुरक्षा रणनीति जारी गर्छन् । यसको मतलब हो- रणनीति स्थायी प्रकृतिको हुँदैन, आवधिक प्रकृतिको हुन्छ । यसमा सुधार र परिवर्तन भइरहन्छ । आफ्ना हित प्रवर्द्धन गर्न समग्रमा विश्व र केही खास देशहरूलाई कसरी हेर्ने, व्यवहार गर्ने र त्यसका लागि स्रोत-साधनको परिचालन गर्ने सम्बन्धमा रणनीतिमा उल्लेख गरिएको हुन्छ ।

इन्डो-प्यासिफिक स्ट्राटेजी भनेको अमेरिकाको क्षेत्रीय रणनीति हो । यो रणनीति हिन्द-प्रशान्त क्षेत्रमा देखा परिरहेका चुनौतीसँग सामना गर्न बनाएको रणनीति मात्र हो, यो सैनिक रणनीति होइन । त्यसैले यसको नाम 'इन्डो-प्यासिफिक सिक्योरिटी स्ट्राटेजी' नराखी 'इन्डो-प्यासिफिक स्ट्राटेजी' मात्र राखिएको प्रस्ट देख्न सकिन्छ । तसर्थ यसलाई सैनिक रणनीति भन्ने आधार भेटिँदैन। हिन्द-प्रशान्त क्षेत्रमा युद्ध हुने खतराका पूर्वसूचकहरू देखा परेमा अमेरिकाले प्रस्टरूपमा सैनिक रणनीति बनाई अघि बढ्ने सक्ने देखिन्छ ।

जसरी अमेरिकाको नेसनल सिक्योरिटी स्ट्राटेजीले समग्रमा विश्वलाई सम्बोधन गर्छ त्यसैगरी इन्डो-प्यासिफिक स्ट्राटेजीले प्रशान्त क्षेत्रलाई हेर्ने र व्यवहार गर्ने कुरा समेट्छ । अब अमेरिकी सरकारले इन्डो-प्यासिफिक क्षेत्रमा रहेका सबै देशहरूलाई यही स्ट्राटेजीको प्रिज्मबाट हेर्ने र व्यवहार गर्ने गर्छ । एमसीसीअन्तर्गतको सहायता मात्र होइन, अब सबै प्रकारका अमेरिकी सहायता, भ्रमण, भेटघाट, सेमीनार, तालिम आदि यही क्षेत्रीय योजनाभित्र रहेर सञ्चालन हुन्छन् । किनकि यी सबै गतिविधिले साझेदारी र नेटवर्किङमा टेवा पुऱ्याउँछ ।

इन्डो-प्यासिफिक स्ट्राटेजीका लक्ष्यहरू हासिल गर्न तीनवटा मार्ग या प्रयास तय गरिएका छन्, जसमा तयारी, साझेदारी र नेटवर्क्ड क्षेत्रको संवर्द्धन। इन्डो-प्यासिफिक स्ट्राटेजीले यस क्षेत्रका राष्ट्रहरूसँग नेटवर्किङ गर्नेसम्मको रणनीति मात्र तय गरेको छ । यसमा प्रतिरक्षाका लागि सैनिक गठबन्धन वा सैनिक संगठन निर्माण गर्ने विषयलाई समावेश गरिएको छैन । सैनिक गठबन्धन नेटवर्किङभन्दा धेरै उच्चस्तरको सम्बन्ध हो । कुनै पनि स्ट्राटेजी स्थायी प्रकृतिको हुँदैन । निश्चित समयावधिमा उत्पन्न हुन सक्ने खतरा र चुनौतीलाई सम्बोधन गर्न रणनीति बनाइएको हुन्छ । खतरा र चुनौतीमा आउन सक्ने परिवर्तनलाई ध्यानमा राखी रणनीतिलाई आवधिक रूपमा परिमार्जन गर्ने, थपघट गर्ने वा नयाँ बनाउने कार्य गरिन्छ ।

इन्डो-प्यासिफिक स्ट्राटेजी पनि निश्चित अवधिका लागि बनाइएको रणनीति हो ।

विद्यमान रणनीतिअन्तर्गत अमेरिकासँग सैनिक गठबन्धनमा नभएका नेपालजस्ता देशहरूलाई त्यसमा समावेश गर्ने लक्ष्य राखेको देखिँदैन । पछि एसिया प्यासिफिक क्षेत्रमा सैनिक प्रकृतिको चुनौती देखा पर्न गएमा अमेरिकाले छुट्टै नयाँ स्ट्राटेजी वा रणनीति मात्र होइन, 'ग्रान्ड स्ट्राटेजी' निर्माण गर्न सक्छ। ग्रान्ड स्ट्राटेजी भनेको युद्ध क्षेत्रहरूमा युद्ध लड्न राष्ट्रको सम्पूर्ण सैनिक, कूटनीतिक, राजनीतिक, आर्थिक, गठबन्धन र अरू शक्ति प्रयोग गर्न बनाइने योजना हो ।

इन्डो-प्यासिफिक स्ट्राटेजी प्रतिवेदनमा दक्षिण एसियाली मुलुकहरू मध्य भारतसँग अमेरिकाले बृहत् रणनीतिक साझेदारी कायम राखेको छ । भारत एउटा मुख्य प्रतिरक्षा साझेदार देश हो भनी उल्लेख गरिएको छ । भारत, जापान, अस्ट्रेलिया र अमेरिका चारवटा देशबीचमा एउटा 'क्वाड' गठन गरिएको छ, जसमा चारवटै जलसेनाका सेनाध्यक्षहरू रहेका छन्। क्वाडचाहिँ एक प्रकारको सैनिक गठबन्धन हो। प्रतिवेदनमा बंगलादेशसँग पनि बलियो रक्षा साझेदारी रहेको भनी स्वीकार गरिएको छ ।

सो प्रतिवेदनमा अमेरिका नेपालसँग मानवीय सहयोग र दैवी प्रकोप उद्धार, शान्ति सेना, सेनाको व्यवसायीकरण, पैदल फौजको क्षमता र प्रतिआतंकवादमा केन्द्रित रही प्रतिरक्षा सम्बन्ध विस्तार गर्न चाहन्छ भनिएको छ । यी क्षेत्रमा अमेरिकाले नेपाललाई धेरै पहिल्यैदेखि नै सहयोग गर्दै आएको हो । प्रतिवेदनमा थप नयाँ प्रतिरक्षाका क्षेत्रहरू उल्लेख भएको पाइँदैन। प्रतिवेदनमा नेपालसँग प्रतिरक्षा सम्बन्ध बलियो छ भनेर स्वीकार गरिएको छैन। प्रतिआतंकवादतर्फ माओवादी विद्रोहीविरूद्ध लड्न अमेरिकाले नेपाललाई सहयोग गरेको सर्वविदित छ । त्यस्तैगरी पैदल फौजको क्षमता अभिवृद्धि गर्न पैदल फौजको व्यक्तिगत हतियार तथा 'इक्युपमेन्ट' हरूको सहायता तथा बिक्री र सैनिक तालिम दिँदै आएको छ ।

एमसीसीको लक्ष्य विश्वभरिको अल्पविकसित र विकासोन्मुख मुलुकहरूमा गरिबी घटाउनु रहेको छ भने इन्डो-प्यासिफिक स्ट्राटेजीको लक्ष्य इन्डो-प्यासिफिक क्षेत्रका राष्ट्रहरूसँग नेटवर्किङ कायम गर्ने रहेको छ । एमसीसीअन्तर्गतको आयोजनाले सैनिक आयोजना वा क्रियाकलाप नभई विकास आयोजनामा सहायता दिने कुरा उल्लेख गरेको देखिन्छ। बढीमा इन्डो-प्यासिफिक स्ट्राटेजी अनुरूप यस इन्डो-प्यासिफिक क्षेत्रमा एमसीसी ग्रान्ट लिने राष्ट्रसँग लुज वा असंगठित रूपमा नेटवर्किङ कायम राख्नु सम्म हो । वास्तवमा इन्डो-प्यासिफिक स्ट्राटेजी रिपोर्ट २०१९ मा एमसीसीबारे उल्लेख भएको पाइँदैन, न त एमसीसीमै इन्डो-प्यासिफिक स्ट्राटेजीबारे उल्लेख छ ।

नेपालको राष्ट्रिय सुरक्षा नीतिले नेपाल कुनै पनि सैनिक गठबन्धनमा समावेश नहुने स्पष्ट पारिसकेको छ । सोही नीतिअनुरूप नेपालले बिम्स्टेक संयुक्त सैनिक अभ्यासमा भाग लिएन। अमेरिकाले इराकमा युद्ध लड्दा नेपाललाई पनि फौज पठाउन अनुरोध गरे पनि नेपालले फ्लोरिडास्थित अमेरिकी सेन्ट्रल कमान्ड हेडक्वार्टरमा रहने गरी एकजना सैनिक अधिकृत प्रतिनिधि मात्र पठायो, फौज पठाएन । नेपालका यी नीतिहरूले अमेरिकाको मात्र होइन, कुनै पनि देश वा देशहरूले मिलेर बनाएको सैनिक संगठन वा गठबन्धनमा नेपाल बाँधिन सक्दैन भन्ने स्पष्ट पारिसकेको छ ।

एमसीसी परियोजना इन्डो-प्यासिफिक रणनीतिभन्दा वर्षौं पुरानो छ । इन्डो-प्यासिफिक स्ट्राटेजीको अवधारणा अमेरिकाले विकासशील देशहरूलाई सहयोग गर्ने उद्देश्यले एमसीसी स्थापना गर्दा जन्मिएको थिएन । एमसीसी विश्वका ५० भन्दा बढी देशमा लागू भैरहेको छ । यी देशहरू एसिया-प्रशान्त क्षेत्रमा मात्रै नभएर विश्वभर रहेका छन् । आइपिएस अन्तर्गत भएको भए यो क्षेत्रमा लागु गर्नुपर्थ्यो । एमसीसी इन्डो-प्यासिफिक रणनीतिको एक हिस्सा हो भन्ने तथ्यमा थप भ्रममा पर्नु आवश्यक छैन । सामाजिक सञ्जालमा इराक, अफगानिस्तानजस्ता अमेरिकी सेना नेपाल आउँदैछ भन्ने हल्ला चलिरहेको छ, तर ती देशमा एमसीसी लागू भएको छैन भन्ने बुझेका छैनन् । एमसीसी विकासशील देशलाई अमेरिका जस्तो शक्तिशाली राष्ट्रको सहयोग हो । नेपालले रू ५० करोड एमसीसी सहायतामा हस्ताक्षर गरेपछि यो पहिलो राष्ट्र पनि होइन,के अमेरिकी सैनिक एमसीसी लागु भएका देशहरूमा आएका थिए ? के ती देशहरू अमेरिकी कब्जामा छन् ? थाहा पाएपछि भ्रम बाहेक केही पाउँदैनौ ।

एमसीसी सहायता प्राप्त गर्न सकेमा नेपाल अन्तरदेशीय विद्युत् व्यापारमा सफल भएमा नेपाललाई त्रिपक्षीय व्यापार गर्न सहज हुनेछ र नेपालले ऊर्जा क्षेत्रमार्फत आफ्नो अर्थतन्त्रको विकास गर्न सुनिश्चित गर्नेछ । यो आयोजना सफल भएपछि करिब २ हजार के.भी बिजुली निकासी गर्ने सम्भावना रहेकोले नेपालको आर्थिक विकासमा यो प्रसारण लाइनले ठूलो भूमिका खेल्ने छ । तसर्थ, ऊर्जा संकटलाई सम्बोधन गर्न र सडक पूर्वाधार सुधार गर्न एमसीसीको कार्यान्वयन आवश्यक छ । यो सहयोग हो, जसलाई फिर्ता गर्न आवश्यक छैन ।

*(मेहता लोसपाका नेता हुन् ।)*




## संक्षिप्त समाचार

### 'गठबन्धनमा एमसिसीबारे छलफल हुन्छ'

नेपालगञ्ज । पूर्वप्रधानमन्त्री एवम् नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले सत्ता गठबन्धनका दलबीच छलफल गरेर मात्र एमसिसीबारे निर्णय हुने बताएका छन् । नेकपा (एकीकृत समाजवादी) निकट विद्यार्थी सङ्गठन अनेरास्ववियूको प्रथम लुम्बिनी प्रदेश अधिवेशनको शुक्रबार नेपालगञ्जमा उद्घाटन गर्दै अध्यक्ष नेपालले एमसिसीबारे सबै पार्टीसँग छलफल चलाउन प्रधानमन्त्रीलाई आग्रह गरेको उल्लेख गरे । "एमसिसीबारे के गर्ने भन्ने विषयमा सत्तामा रहेका पाँच दलबीचमा बैठकमा छलफल चलाउन खोजिरहेको र सबै पार्टीसँग बसेर छलफल चलाइयोस् भनेर हामीले प्रधानमन्त्रीलाई भनिरहेका छौँ", अध्यक्ष नेपालले भने,"सबै पार्टीको विचार आउनुपऱ्यो ।" उनले सत्ता गठबन्धनका पाँच दलको सहमतिमा मात्र एमसिसीबारे निर्णय हुने जिकिर गरे ।

### बालबालिकालाई न्यानो वितरण

वीरगन्ज । प्रदेश नं.२ मा यो सातादेखि चिसो निरन्तर रूपमा बढ्दै गइरहेकोलाई लोकतान्त्रिक समाजवादी पार्टीको ध्यान केन्द्रित भएको छ । यसै क्रममा लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेश सांसद रमेश प्रसाद कुर्मीले आफ्नो संसदीय कोषबाट मदरसा उसमानी गनीमा अध्ययनरत २०० भन्दा बढी बालबालिकाहरूलाई न्यानो कपडा, ज्याकेट वितरण गरेका छन् । मदरसा उसमानी गनीका धर्मगुरू मौलाना सगीर साहबलाई लोसपा आबद्ध नेता तथा महिला नेतृहरूले मदरसामा अध्ययनरत बालबालिकाहरूलाई ज्याकेट र न्यानो कपडा लगाएर बच्चाहरूको हौसला तथा खुशी साटासाट गरेका थिए । लोसपा नेपालले चरणबद्ध रूपमा न्यानो कपडा, पैदलयात्री तथा सडक मानवहरूका लागि वीरगंज महानगरपालिकाको विभिन्न स्थानहरूमा आगो बाल्नका लागि दाउराको प्रबन्ध मिलाइएको सांसद कुर्मीका स्वकीय सचीव शेख फिरोजले जानकारी दिएका छन् ।

### प्रदेश २ मा माओवादी अधिवेशन सम्पन्न

जनकपुरधाम । विवादका बीच नेकपा माओवादी केन्द्र प्रदेश २ को प्रथम अधिवेशन सम्पन्न भएको छ । डेढ साताअघि जनकपुरधाममा उद्घाटन भएकोमा सर्लाहीको लालबन्दीमा शनिबारदेखि चलेको बन्दसत्रबाट अध्यक्ष र पदाधिकारीबिनै २७१ सदस्यीय प्रदेश कमिटी गठन गर्ने निर्णय भएको हो । जसअनुसार अब पुस २० मा घोषणा सभा कमिटीको सार्वजनिक गरिनेछ । आकांक्षीहरू धेरै भएका कारण माओवादी प्रदेश अधिवेशनको बन्दसत्रबाट सर्वसम्मतरूपमा अध्यक्ष चयन गर्न नसकिएको प्रदेश सांसद समेत रहेका जगतप्रसाद यादवले जानकारी दिए । पुस ११ गते हुने माओवादी केन्द्रको राष्ट्रिय सम्मेलनअघि प्रदेश २ को विवाद समाधान हुने सम्भावना नदेखिएपछि प्रदेश २ का ८ वटै जिल्लालाई २२ देखि १७ जना प्रतिनिधिको नाम सिफारिस गर्न भनिएको छ । जिल्लाले सर्वसम्मतरूपमा सिफारिस गरिएका नेताहरूको नामावली अनुसार नै पुस २० मा घोषणा सभा आयोजना गरी प्रदेश २ मा २७१ सदस्यीय पदाधिकारीसहित कार्यसमिति घोषणा गरिने उनले बताए । प्रदेश २ को अध्यक्ष पदका लागि रामकुमार शर्मा, श्रवण यादव, अशोक साह, अजय शंकर नायक र दिलिप साहलगायतका दावेदार छन् । अध्यक्षमा यसमध्ये एकजनामा सहमति बनाउन प्रयास भएको थियो । पुस २० गते अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले घोषणा सभाबाट सो कार्यसमिति घोषणा गर्नेछन् । नेता मातृकाप्रसाद यादव र नारायणकाजी श्रेष्ठ गरी दुई समूह आ-आफ्नै अडानमा रहेपछि नेतृत्वको निक्र्यौल निस्कन नसकेको हो ।

### नेपाल-भारतका सुरक्षा अधिकारीबीच छलफल

नेपालगञ्ज । नेपाल र भारतका १५ जिल्लाका सुरक्षा अधिकारीले सीमामा हुने अपराध नियन्त्रण गर्न समन्वय गरेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गरेका छन् । बुधबार नेपालगञ्जमा भएको नेपाल र भारतका सुरक्षा अधिकारीको बैठकले सीमामा हुने अपराधलाई नियन्त्रण गर्न दुवै देशले समन्वय गरेर अघि बढ्ने प्रतिवद्धता जनाएका हुन् । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका आठ जिल्लाका सुरक्षा अधिकारीले लागुऔषध नियन्त्रण र नेपालमा अपराध गरेर भारतमा लुकेका अभियुक्तलाई नियन्त्रणमा लिन सहयोग गरिदिन भारतीय अधिकारीसमक्ष आग्रह गरेका थिए । बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले भारतमा सहज रूपमा कारोबार हुँदा लागुऔषध नेपालमा सहजै भित्रिएको बताउँदै त्यसमा कडाइ गरिदिन आग्रह गरेको बताए । उनले हतियार, मानव बेचबिखन, फरार अभियुक्त नियन्त्रण, लागुऔषध रोकथाम, चोरी शिकारी, तस्करी नियन्त्रण र आवागमन सहज बनाउने विषयमा छलफल भएको जानकारी दिए । बैठकमा भारतीय अधिकारीले उत्तर प्रदेशमा निर्वाचन हुन थालेकाले नेपालतर्फबाट हुन सक्ने घुसपैठ नियन्त्रणमा सहयोग गरिदिन आग्रह गरेका थिए । नेपालको तर्फबाट लुम्बिनी र सुदूरपश्चिम प्रदेशका सीमावर्ती आठ जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान विभागका एसपीको सहभागिता रहेको थियो । बैठकमा भारतको महाराजगञ्ज, सिद्धार्थनगर, बलरामपुर, बहराइच, लखिमपुर, श्रावस्ती, पिलिभित जिल्लाका डीएम, एसपी, गोरखपुर र देवीपाटनका अतिरिक्त महानिरीक्षक र डीआइजीको सहभागिता रहेको थियो ।

### लोसपाले बनायो वार्ता टोली

जनकपुरधाम । प्रदेश नं. २ को नाम 'मधेश' प्रदेश र स्थायी राजधानी जनकपुरधाममा सहमति जुटाउनका लागि लोकतान्त्रिक समाजवादी पार्टी नेपालले वार्ता टोली गठन गरेको छ । लोसपा प्रदेश नं. २ समितिले मंगलबार प्रदेश सांसद रानी शर्माको संयोजकत्वमा सात सदस्यीय वार्ता टोली गठन गरेको हो । प्रदेशसभा जारी आठौं अधिवेशनमा प्रदेश नं. २ को नाम र राजधानीको प्रस्ताव पेश हुने भएकोले अन्य दलहरूसँग छलफल तथा सहमतिका लागि प्रदेशसभा सदस्य शर्माको संयोजकत्वमा वार्ता टोली गठन गरिएको लोसपा संसदीय दलका नेता तथा प्रदेश २ अध्यक्ष जीतेन्द्र सोनलले जनाएका छन् । वार्ता टोलीको संयोजकमा शर्मा र सदस्यहरूमा परमेश्वर साह, जयनुल राइन, अभिराम शर्मा, उपेन्द्र महतो, बाबुलाल साह र प्रहलाद गिरी रहेका छन् । उता, सत्तारूढ जनता समाजवादी पार्टीले पनि प्रदेशको नाम मधेश र स्थायी राजधानी जनकपुरधाममा सहमति जुटाउन छलफल र वार्ता थालेको हो ।

### गुप्ताको नेतृत्वमा ६ हजार बढी एमाले प्रवेश

कपिलवस्तु । जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य मंगलप्रसाद गुप्ताको नेतृत्वमा ६ हजारभन्दा बढी नेता कार्यकर्ता नेकपा (एमाले)मा प्रवेश गरेका छन् । मंगलबार कपिलवस्तुको बहादुगञ्जमा आयोजित पार्टी प्रवेश कार्यक्रममा मंगलप्रसाद गुप्ताको नेतृत्वमा ६ हजारभन्दा बढी कार्यकर्ता र समर्थकहरूलाई अध्यक्ष केपी शर्मा ओलीले एमालेमा प्रवेश गराएका छन् । नवप्रवेसीहरूलाई एमाले अध्यक्ष ओलीले पार्टीमा स्वागत गरेका हुन् । नवप्रवेशीहरूमा नेकपा माओवादी केन्द्रका तर्फबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरूको संख्या उल्लेखनीय थियो ।

### प्रदेश १ मा माओवादी अध्यक्षमा नेम्वाङ

विराटनगर । नेकपा (माओवादी केन्द्र) प्रदेश नं. १ को अध्यक्षमा हर्कबहादुर नेम्वाङ ( मिक्सो) विजयी भएका छन् । मुक्साहाङ मेन्याङ्बोलाई पराजित गर्दै उनी विजयी भएका हुन् । तीनजना उपाध्यक्षमा देवान चाम्लिङ (१२०), शिवकुमार डाँगी (११३) र मणिकुमार साम्पाङ (१११ ) विजयी भएका छन् । एक जना सचिवमा गणेश उप्रेती ( सुशील) विजयी भए । उनले १४८ मत ल्याएका छन् भने उनका प्रतिद्वन्द्वी सिपी कडरियाले ८३ मत ल्याए । ३ जना सहसचिवमा कुमारी राई (११४), ऋषिराम ढुंगाना (९५) र सागर किराँती (७३) विजयी भएका छन् । कोषाध्यक्षमा भने ९३ मतका साथ रेवतराज पुरी (गगन) विजयी भएका छन् ।

### एमालेबारे फैलाइएको भ्रम टुट्दैछ : बस्नेत

बारा । नेकपा एमालेका पोलिटव्युरो सदस्य तथा प्रतिनिधिसभा सदस्य महेश बस्नेतले नेकपा एमालेको महाधिवेशनले केपी ओलीको देवत्वकरण होइन नेतृत्वकरण गरेको बताएका छन् । बाराको बिश्रामपुर गाउँपालिकामा विभिन्न दलका नेता कार्यकर्तालाई एमाले प्रवेश गराउँदै बस्नेतले एमालेबाट आत्तिएर कांग्रेसका केही नेता कुप्रचारमा उत्रिएका आरोप लागए । बस्नेतले एमालेको महाधिवेशनबाट सबैले जितेको भन्दै कसैले पनि नहार्ने नीति र नेतृत्व एमालेले चयन गरेको दावी समेत गरे । बस्नेतले भने -एमालेको महाधिवेशनलाई ओलीवेशन भन्ने कांग्रेसका नेताहरूले पानी ट्यांकी अधिवेशन गरेका छन् । जबकी दुनियाले एमालेले हाइटेक महाधिवेशन गरेको भनिरहेका छन् । अब युवाहरूले हाइटेकवाला एमाले रोज्ने कि हिलटेकवाला कांग्रेस रोज्ने ? बस्नेतले मधेशमा एमालेको बारेमा फैलाइएको भ्रम टुट्दै गएको बताए । सो कार्यक्रममा एमाले नेताहरू बलबीर प्रसाद चौधरी, ज्वालाकुमारी साह लगायतका नेताहरूले सम्बोधन गरेका थिए । कार्यक्रममा बिश्रामपुरको उपप्रमुख उम्मेदवार बनेका कांग्रेस नेतासहितका विभिन्न दिलका नेता कार्यक्रम एमालेमा प्रवेश गरेका थिए ।

# मधेशी कोटा खारेजी गरौं !



**कौशल गोपालवंशी**

म सधै मधेश आरक्षण कोटाका लागि लेखमार्फत आन्दोलन गर्ने, आज भन्दै छु मधेशी कोटा खारेजी गरौं। मधेश आन्दोलनबाट प्राप्त महत्वपूर्ण उपलब्धिहरूमध्ये आरक्षण पनि एक हो। मधेशमा बसोबास गर्ने पिछडिएका मधेशीहरूका लागि आरक्षणको व्यवस्था गरिएको हो। तर मधेशी कोटाको फाइदा आफूलाई गैरमधेशी भनिने उन्नत वर्गका मान्छेले लिएको देखेपछि कि त मधेशी कोटा खारेजी गरौं नभए यसलाई व्यवस्थापन गरी पिछडिएका वर्गहरूमा स्वस्थकर प्रतिस्पर्धा गराउ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सबै ठाउँमा मधेशी कोटाको चरम दुरूपयोग हुँदै गरेको देखिन्छ।

भर्खरै सकिएको विभिन्न राजनीति पार्टीको महाधिवेशनको परिणाम हेर्दा पनि मधेशी कोटाको चरम दुरूपयोग भएको देख्न पाइयो। राजनीतिकरूपमा पिछडिएका व्यक्तिहरूका लागि छुट्टयाइएको कोटाबाट बौद्धिकरूपमा सम्पन्न देखिने राजनीतिकर्मीहरूले लिएको फाइदा देख्दा, अब कोटा हटाएकै बेस हुन्छ जस्तो लाग्ने थाल्यो। नेपालको सबैभन्दा ठूलो धनी भनिने एक जना महासय पनि मधेशी कोटाबाट कुनै राजनीति पार्टीको केन्द्रीय सदस्यमा विजयी भएको भन्दै विजय जुलुस निकालेको देखियो। यो विजय जुलुस हेर्दा बच्चामा शिक्षकले घरबाट गृहकार्य गरेर ल्याउभन्दा दिदी बहिनीबाट गृहकार्य गराएर शिक्षक अगाडि छाती फुलाएर शानले गएजस्तै लाग्यो। त्यति मात्र कहाँ हो र ! पूर्वमन्त्रीज्युहरू पनी मधेश कोटाबाट सहमहामन्त्री, केन्द्रीय सदस्य आदि पदमा निर्वाचित भएको देख्दा मधेशको पिछडिएका वर्गलाई सधैं पछाडी धकेल्ने काम मधेशका उन्नत वर्गका मान्छेले नै पिछडिएका वर्गको भागको हिसा खाइदिएर हो जस्तो लाग्यो। तर अर्को अनौठो कुरा त के हो भने हालसालैमा भएको विभिन्न पार्टीहरूको महाधिवेशनमा मधेशी कोटाबाट पदाधिकारीमा जित्ने नेता कर्याकर्ताहरूले मधेश/मधेशवादी पार्टीले गरेको आन्दोलनलाई कहिले समर्थन गरेको देखिएन उल्टै मधेशको जायज मागहरूको बारेमा कहिले बोलेको देखिएन तर आज तिनै मधेश आन्दोलनबाट प्राप्त आरक्षण कोटाको प्रयोग गरेर पार्टी भित्र आफ्ना स्थान पाएका छन्।

पार्टीको चुनावमा मात्र होइन, विगतको तीनै तहमा भएको पदाधिकारीको संख्या हेर्ने हो भने महिला कोटामा सामन्ती परिवारको पहुँच धेरै नै देखिन्छ। राजनीतिमा महिलाको पहुँच हुनुपर्छ भनेर महिला कोटाबाट राजनीतिमा छिरेकाहरू आफ्नो परिवारमा भएका पुरूषकै हेडलाइट बनेर आएका छन्।

अदि आरक्षण कोटालाई सहि व्यवस्थापन गर्न सकिएन भने भोलिको दिनमा पिछडिएका वर्गलाई त्यहीं समुदायको मान्छेले यिनलाई झन् पछाडि धकेल्ने काम गर्नेछ। आरक्षणले मधेशलाई झन् कमजोर हुँदै गरेको देखिन्छ। आफूलाई केन्द्रीयस्तरको राजनेता ठान्ने व्यक्तिले यसरी कोटाबाट केन्द्रसम्म पुग्न थालेपछि, मधेशमा रहेको पिछडा वर्गलाई कसरी केन्द्रीय नेतृत्वमा पुऱ्याउने त। सधै काठमाडौं/मधेश बाहिर बस्ने नेतागणले ती पीडित समुदायको आरक्षणमा गएकोले कसरी केन्द्रसम्म पीडितका लागि लड्छ भन्ने हेर्न बाँकी छ।

त्यसैगरी, सरकारी तथा गैरसरकारी जागिरमा पनि यस्तै एउटा अर्को समूहको भिड छ। स्थायी पदका लागि लिइने विभिन्न परीक्षाहरूको सिफारिसको नतिजा हेर्दा पनि यस्तै एउटा नयाँ समूहले मधेश कोटाको दुरूपयोग गरेको देख्न पाइन्छ। माध्यमिकसम्मको शिक्षामा राम्रोसँग पढ्ने अवसर नपाएको विद्यार्थीहरूका लागि दिइएको आरक्षणमा नर्सरीदेखि स्नातकोत्तरसम्मको शिक्षा भौतिक सुखसुबिधा तथा ठूला-ठूला लगानीकर्ताको लगानीमा बनेका निजी विद्यालयमा पठनपाठन गरेका वर्गले जागिर खाएको देख्न पाइन्छ। यी वर्गका व्यक्तिहरूलाई आफू मधेशी हो भन्ने भावना अलिकति पनि होइन। यी वर्गका व्यक्तिहरूले अवसर लिने बेलामा मात्र मधेशी बन्छ त्यो पनि नेपाल सरकारको परीक्षा र अन्तर्वार्तामा मात्र मधेशी बन्छ फेरि परीक्षा बाहिर आउँदा यिनीहरू गैरमधेशी बन्छ। यस्ता वर्गका मान्छेहरूले त कतिसम्म गर्छन् भन्दा आफ्नो नाममा भएको मधेशी पहिचान भएको शब्द पनि हटाउने गरेको देख्न पाइन्छ। जस्तै साहको साटो शाह, यादवको साटो अधिकारी, रायको साटो राई आदि। यस्ता वर्गका मान्छेहरू प्रायः गैरभौगोलिक मधेश हुन्। यिनीहरू धेरैले कोर मधेशबाट बसाइँसराइ गरी पहाडीको बाहुल्यता भएको ठाउँमा बसोबास गर्दै गरेको पाइन्छ। यिनीहरूले आफ्नो नाममा परिवर्तन गर्न सकेन तर आफ्नो सन्तानको नामको पछाडिको टाइटल चाहिँ परिवर्तन गर्छन्। जातिवादको विरोधमा यस्तो गर्ने भए आफ्नो टाइटल हटाएर पहाडी जातीयसँग मेलखाने टाइटल किन राखेको त ? योबाट प्रष्ट हुन्छ कि यिनीहरू जातीवादी विरोधी होइन यिनीहरू त आफूलाई मधेशी भएकोमा लज्जित छन्। मधेशीभन्दा लज्जित हुने अनि मधेशी कोटामा अवसर पाउन अगाडि आउने ?

आरक्षणमा लड्नका लागि ग्रामीण भेगबाट सरकारी विद्यालयबाट पढेलेखेकालाई मात्र अवसर पाउने खालको नीति ल्याउनुपर्ने देखिन्छ। नत्र प्रत्येक १० वर्ष आरक्षण परिमार्जन हुँदा राज्यले मधेशीको पहुँच भयो भनेर आरक्षण काटिन्छ तर मधेशको गाउँको अवस्था जस्ताको जस्तै रहन्छ।


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**पुल महाशाखा**

**जानकारीमूलक सूचना**

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं। यसले पुलको आयु घटाउँछ।

२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ। पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं।

३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं।

४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो। एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ।



- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश नं. २, धनुषा, नेपाल**
इमेल : malcprovince2@gmail.com


## मधेश अपडेट

### विचौलीयामा संलग्न ४ जना पक्राउ

मोरङ। उपचारका लागि आएका सर्वसाधारणलाई आफूलाई कमिशन दिने फार्मेसीमा औषधि किन्न वाध्य गराई विचौलीयाको कार्य गरी सर्वसाधारणलाई दुःख हैरानी दिएको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा विराटनगर महानगरपालिका-१९ बस्ने ४६ वर्षीय विनोद राय, सोही महानगरपालिका-५ बस्ने ६० वर्षीय रामा सुनुवार, ४५ वर्षीय दिलिप साह र विराटनगर महानगरपालिका-१२ बस्ने ३९ वर्षीय शिव कुमार कामत रहेका छन्। विराटनगर महानगरपालिका-७ स्थित उपचारका लागि आएका सर्वसाधारणलाई सम्पर्कमा भएको अस्पतालमा चिकित्सक राम्रो छ भन्ने तथा आफूलाई कमिशन दिने फार्मेसीमा औषधि किन्न वाध्य गराई सर्वसाधारणलाई दुःख हैरानी दिएको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो।

### बेश्यावृत्ति गर्ने गराउने कार्यमा संलग्न पक्राउ

सुनसरी। इटहरी उपमहानगरपालिका-९ स्थित रिभरसाईड होटल एण्ड लजमा महिलाहरू राखी बेश्याबृत्ति गर्ने गराउने कार्यमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ईटहरी उपमहानगरपालिका-४ बस्ने ३६ वर्षीय गौतम लेप्चा र संखुवासभा नुम गाउपालिका-५ बस्ने २० वर्षीय मिनराज पराजुली रहेका छन्। उक्त होटल एण्ड लजमा वेश्यावृत्ति कार्य गराउँदै आएको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरीले होटलबाट पीडितलाई उद्दार गरी उक्त कार्यमा संलग्न लेप्चा र पराजुलीलाई पक्राउ गरेको हो। उनीहरू उपर मानव बेचबिखन मुद्दा शीर्षकमा जिल्ला अदालत सुनसरीबाट ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

### आगलागीबाट एक करोडभन्दा बढीको क्षति

रूपन्देही। लुम्बिनी साँस्कृतिक नगरपालिका-६ बसपार्कस्थित टहरामा संचालित पसलहरूमा आगलागी हुँदा करिब १० वटा टहराहरू र टहराको सामानहरू पूर्णरूपमा जलेर करिब १ करोड रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ। आगलागी भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय लुम्बिनीबाट खटिएको प्रहरीले दमकल, सशस्त्र प्रहरी बल नेपाल तथा स्थानीय बासिन्दाको सहयोगमा आगो पूर्णरूपमा नियन्त्रणमा लिएको छ। प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्र् णमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### फाइबर सिरक वितरण

सप्तरी। चिसो सुरू भएसँगै दलित सरोकार मञ्च नेपालले सप्तरीको कञ्चनरूप नगरपालिकाका दलित समुदायका जेष्ठ नागरिक र एकल महिलालाई फाइबर सिरक वितरण सुरू गरेको छ। व्योम कुसुमा बुद्ध धर्म संघको सहयोगमा दलित सरोकार मञ्चले शुक्रवार कञ्चनरूप नगरपालिका-३,५ र ९का करिब ५ सय दलित तथा विपन्न जेष्ठ नागरिकहरूलाई फाईवर शिरक वितरण गरेको हो। दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोलाकुमार पासवानले कञ्चनरूप नगरपालिका का करिब २ हजार दलित समुदायका जेष्ठ नागरिक र एकल महिलालाई फाईवर शिरक वितरण गर्ने बताए।

### श्रोत नखुलेको रकमसहित पक्राउ

रौतहट। गौर नगरपालिका-१ स्थित सडकबाट श्रोत नखुलेको ४ लाख ५० हजार नेपाली रूपैयाँ सहित एक जना पक्राउ परेका छन्। भारत घर भएका १९ वर्षीय विकाश कुमार पासवानलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। बैरगिनियाबाट गौरतर्फ आउँदै गरेको बिआर ३० एबी २६५७ नम्बरको मोटरसाइकललाई भन्सार सुरक्षा गार्डबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकल चालक पासवानलाई उक्त रकम सहित फेला पारी पक्राउ गरेको हो।

### लागूऔषधसहित दुई जना पक्राउ

कैलाली। धनगढी उपमहानगरपालिका-२ मिलन चोकबाट ४ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित २ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-८ बस्ने २४ वर्षीय संदिप श्रीवास्तब र १६ वर्षीय किशोर रहेका छन्। जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### मोटरसाइकल ग्यारेजमा आगलागी

विराटनगर। सुनवर्षी नगरपालिका-५ झुङ्गीटोल बस्ने निमेश मण्डलको सोही ठाउँस्थित मोटरसाइकल ग्यारेजमा आगलागी हुँदा लाखौंको क्षति भएको छ। शनिबार राति आगलागी हुँदा ग्यारेजमा रहेका विभिन्न मेसिन, औजारहरू, बिक्रीका लागि राखिएका मोटरसाइकलका पाटपुर्जाहरू, ५ वटा मर्मतको लागि राखेको मोटरसाइकल, १ वटा स्कुटर र नगद समेत जलेर करिब ५४ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ। प्रहरी, स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### चार वटा प्रहरी चौकीको भवन निर्माण

वीरगञ्ज। पर्सामा चार वटा प्रहरी चौकीको नयाँ भवन निर्माण भएको छ। प्रदेश २ आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रू एक करोड ४५ लाख ३२ हजार ५५८ को लगानीमा पर्साका चार वटा प्रहरी चौकीको भवन निर्माण भएको हो। यसरी निर्माण भएका प्रहरी चौकी भवनमा महादेपटी, पाणेपुर, सुर्वणपुर र सबैठवा रहेका छन्।

### सवारी ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

बाँके। सवारी ज्यान मुद्दाका फरार प्रतिवादी नेपालगंज महानगरपालिका-१८ बस्ने ३० वर्षीय साधु अहिरलाई बुधबार प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत बाँकेको २०७७ फागुन १७ गतेको फैसलाले सवारी ज्यान मुद्दामा ३ महिना १९ दिन कैद र २ हजार रूपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत बाँकेमा बुझाइएको उक्त कार्यालयले जनाएको छ।

### युवक मृत फेला

कैलाली। जानकी गाउँपालिका-९ अमरावती सामुदायिक वनमा एक युवक मृत अवस्थामा फेला परेका छन्। सोही ठाउँ बस्ने २५ वर्षीय अरूण दास शनिबार मृत अवस्थामा फेला परेका छन्।

### चाँदीका विभिन्न गहनासहित पक्राउ

रूपन्देही। कोटहीमाई गाउँपालिका-५ दुईमुहानबाट करिब ४ किलो ९ सय ग्राम चाँदीका विभिन्न गहना सहित २ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सम्मरिमाइ गाउँपालिका-६ अशुरैना बस्ने ४० वर्षीय कुरेश सुनार र सोही ठाउँ बस्ने २४ वर्षीय अनिल बर्मा रहेका छन्। भारतबाट नेपालतर्फ आउँदै गरेको लु.१९ प ५१५९ नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय मझगावाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई अवैध रूपमा ल्याएको उक्त परिमाणको चाँदीका गहना सहित फेला पारी पक्राउ गरेको हो।

### खोल्सामा जमेको पानी खस्दा एकको मृत्यु

कैलाली। टिकापुर नगरपालिका-७ बैदीस्थित हुलाकी सडकमा साईकल सहित कल्भर्टबाट तल खोल्सामा जमेको पानीमा खस्दा साईकलयात्री भजनी नगरपालिका-८ काँडा बस्ने ५५ वर्षीय साधुराम डगौराको बुधबार राति मृत्यु भएको छ।

### ट्याक्टरको ठक्करबाट पैदलयात्रीको मृत्यु

रूपन्देही। सियारी गाउँपालिका-३ भैसाखादरमा लु.२ त ५८७२ नम्बरको ट्याक्टरको ठक्करबाट पैदलयात्री सोही गाउँपालिका-७ कनरी बस्ने ५५ वर्षीय कृष्ण मुरारी केवटको शुक्रबार राति मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको मेडिकल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो। ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# वीरगन्ज महानगरको उपमेयरका लागि मेरो तयारी छ



## रम्भा मिश्र
### नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

**० तपाईंको पार्टीको प्रदेश र जिल्ला अध्यक्षहरू मनोनयन भइरहेको छ, अहिलेसम्म महिलालाई जिम्मेवारी दिएको देखिँदैन । पार्टीमा महिलाहरू सक्षम छैनन् त ?**

– महिला सक्षम छैनन् भनेर भन्न मिल्दैन । मधेशका महिला सक्षम छन् । तर विडम्बना के हो भने पुरूषप्रधान समाजमा खासगरेर मधेशमा महिला अगाडि ल्याउन खोजिएको छैन । जसले गर्दा महिलाहरू आफ्नो क्षमता प्रदर्शन गर्ने अवसरबाट वञ्चित भइरहेका हुन्छन् ।

**० महिलाले अवसर नपाउँदा तपाईंहरू किन आवाज उठाउनु हुन्न ?**

– हामीले पार्टीभित्र आवाज उठाइरहेका हुन्छौं, त्यो कुरा बाहिर आउँदैन । हामी अनुशासित भएर पार्टीभित्र आफ्ना कुराहरू राखिरहेका हुन्छौं । अहिले केही जिल्लाहरूमा लोसपाको अध्यक्ष तोकिएका छन्, अरू बाँकी नै छ । हुनसक्छ आगामी दिनमा पार्टीले महिलालाई अवसर दिनेछ । एक त मधेशमा प्रायः महिलाहरू विभिन्न कारणवश अगाडि बढ्न सकेको अवस्था हुँदैन तर जो अगाडि आउन चाहन्छन्, त्यस्तालाई पनि अवसर दिइएन भने समाजमा परिवर्तन हुन सक्दैन । तर हामी आशावादी छौं कि आगामी दिनमा पार्टीले महिलाको योगदानलाई कदर गर्छ ।

**० मधेशका आन्दोलनहरूमा महिलाहरूको अग्रणी भूमिका थियो, त्यो किसिमको मूल्यांकन पार्टीले गऱ्यो त ?**

– मधेश आन्दोलनमा जति भूमिका पुरूषको थियो, उत्तिनै महिलाको पनि थियो । महिलाहरू पनि आन्दोलनमा अगाडि थिए । तर कुनै पद वा अवसरमा महिलालाई पछाडि पारिन्छन् । यो हाम्रो समाजको विडम्बना हो । यसमा नेतृत्वले सुधार गर्न जरूरी छ ।

**० स्थानीय तहको गत निर्वाचनमा तपाईं वीरगन्ज महानगरको उपमेयरका लागि प्रतिस्पर्धा गर्नुभएको थियो । फेरि चुनाव आउँदैछ, यसपटक के योजना छ ?**

– आगामी स्थानीय चुनावमा वीरगन्ज महानगरपालिकाको उपमेयरका लागि मैले तयारी गरिरहेको छु । गत निर्वाचनमा म आफूलाई पराजित भएको ठान्दिन । हाम्रो पार्टीको निर्णयका कारणले जित्न सकिन । किनभने हाम्रो तत्कालीन पार्टी राजपा चुनाव वहिष्कार गर्ने निर्णय गरेको थियो । अन्तिम समयमा हाम्रो पार्टीले चुनाव लड्ने निर्णय गरेको थियो । एकदम कम समय हामीसँग थियो । त्यो कम समयमा मैले जति मत ल्याएको छु, त्यसले मलाई हौसला दिएको छ । त्यसैले म आफूलाई पराजित भएको ठान्दिँन । चुनावी तयारीको एकदम कम समयमा पनि मलाई वीरगन्ज महानगरका जनताले जुन विश्वास गर्नुभयो, जसका म दोस्रो नम्बरमा थिए । मैले यो चार-वर्षमा जनताकै बीचमा रहँदै आएको छु । जनताले मलाई यसपट विजयी बनाउनु हुनेछ भन्नेमा मलाई विश्वास छ ।

**० तपाईंजस्तो राजनीतिक अनुभवी र समाजसेवी महिला नेता मेयरका लागि किन दाबी नगर्ने त ?**

– मेरो पनि चाहना छ कि मेयरका लागि चुनाव लडौं, तर पहिला म अनुभव बटुल्न चाहन्छु । म स्टेप बाइ स्टेप अगाडि बढ्न चाहन्छु । उपमेयरको रूपमा त्यहाँ बसेर मेयरका क्रियाकलापहरू अनुभव गरेर अर्को पटकको निर्वाचनमा मेयरका लागि दाबी गर्नेछु । मसँग साहसको कमी छैन, अनुभवको कमी हो । पाँच वर्ष पर्खिनुस्, आगामी चुनावमा मेरो उम्मेद्वारी मेयरकै लागि हुनेछ ।

**० उपमेयरको त खासै भूमिका हुँदैन नि ?**

– उपमेयरका पनि धेरै अधिकारहरू छन् । पद मात्रै लिएर हुँदैन । मधेशमा अहिले भन्ने गरिन्छ कि उपमेयर त चुपमेयर हुन्छ । त्यो कुरामा म विश्वास गर्दिन । काम गर्ने मान्छेलाई कसैले पनि रोक्न सक्दैन । अहिले जति पनि उपमेयरहरू हुनुहुन्छ, त्यसमध्ये करिब ९० प्रतिशत अशिक्षित वा कम पढेलेखेका हुनुहुन्छ । धेरै कुराको जानकारी पनि हुँदैन । उपमेयर चुपमेयर हुँदैन, परिस्थितिले त्यस्तो बनाएको हुन्छ ।

**० तपाईं वीरगन्ज महानगरको उपमेयर हुनुभयो भने केके गर्नुहुन्छ ?**

– मसँग योजना र कार्यक्रमहरू छन् । म यदि उपमेयरमा निर्वाचित भएँ भने योजनाबद्ध तरिकाले कामहरू गर्नेछु । विकास निर्माणको कार्यहरूदेखि समाजमा परिवर्तन ल्याउने खालका कार्यक्रमहरू सञ्चालन गर्छु । समाजमा व्याप्त रहेको कुरिती, विसंगतिहरू जस्तै, दाइजो प्रथा, बाल विवाह, अन्धविश्वासका विरूद्धमा उदाहरणीय कार्यहरू गर्नेछु । दाइजो प्रथामा पूर्णविराम लगाउने मेरो योजना छ । छोरी शिक्षामा विशेष जोड रहन्छ । महिलालाई पुरूषभन्दा एक कदम अगाडि बढेको देख्न चाहन्छु ।

# जसपाको सुज अभियान जारी



काठमाडौं । जनता समाजवादी पार्टी नेपालले सञ्चालन गरेको चार महिने संगठन सुदृढीकरण जनजागरण (सुज) अभियानलाई जारी राख्ने निर्णय गरेको छ ।

जसपाले गत भाद्रदेखि मंसिरसम्म चारमहिने सुज अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो ।

तोकिएको मितिसम्मा सुज अभियानका कार्यक्रम सम्पन्न हुन नसकेकोले अहिले जारी नै रहने अभियानका संयोजक अशोक कुमार राईले जनाएका छन् ।

निर्धारित गरिएका समायोजन, सदस्यता नवीकरण र वार्ड तहसम्मका समितिहरूको निर्माण, प्रशिक्षण, जनपरिचालन तथा निर्वाचन परिणामको आँकलन सम्बन्धी कामहरू बाँकी नै रहेको जनाइएको छ ।

बाँकी रहेका सम्पूर्ण कार्यलाई सम्पन्न गर्ने गरी अर्को निर्णय नआएसम्म सुज अभियानलाई जारी राखिने संयोजक राईले जनाएका छन् ।

# ‘अपरेशन बुथ–बुथ मजबुत’ अभियान सफल बनाउन आह्वान



काठमाडौं । चुनावी तयारीमा लागेको जनमत पार्टीले ‘अपरेशन बुथ-बुथ मजबुत अभियान सफल बनाउन अध्यक्ष डा.सीके राउतले आह्वान गरेका छन् ।

दुई दिनसम्म चलेको केन्द्रीय कार्यकारिणी समिति बैकले पाँचबुँदे निर्णय गर्दै यस्तो अपिल गरेको हो । सो अभियान सफल बनाउन पर्यवेक्षकहरूसमेत तोकिएको छ ।

अभियानलाई भव्यताका साथ सम्पन्न गर्न समस्त नेता तथा कार्यकर्ताहरूमा आह्वान गर्दै अध्यक्ष राउतले शुभकामनासमेत व्यक्त गरेका छन् ।

यसैगरी, मंसिर २८ र ३९ गते बसेको केन्द्रीय समितिको विस्तारित बैठकले पारित गरेका निर्णयहरू लागू गर्न र ल्याएका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक गृहकार्य गरी अगाडि बढाउने केन्द्रीय कार्यकारिणी समितिको बैठकले निर्णय गरेको छ ।

सो केन्द्रीय समितिको बैठकमा प्राप्त प्रतिवेदन र प्रगति विवरणहरूलाई जिल्लागतरूपमा समीक्षा गर्दै हरेक जिल्लालाई आवश्यक निर्देशन दिने निर्णय गरेको छ । यस्तै, पुस ५ गते सोमबार विभिन्न जिल्लामा हुने जिल्ला समन्वय समितिको पूर्ण बैठकमा केन्द्रबाटै तोकेर प्रशिक्षक पठाउने र बैठकलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक निर्देशिका र प्रशिक्षण सामग्रीसमेत उपलब्ध गराइने जनाइएको छ ।

# सुख्खा बन्दरगाहका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा अझै वितरण भएन

वीरगञ्ज । वीरगञ्जस्थित सुख्खा बन्दरगाह विस्तारका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा लामो समयसम्म वितरण हुन नसक्दा अधिकांश जग्गाधनी मर्कामा परेका छन् ।

सुख्खा बन्दरगाह विस्तारका लागि वीरगञ्ज महानगरपालिका-२५ सिर्सियाको ६२ बिघा जग्गा अधिग्रहण गरिएकामा लामो समय वितिसक्दा पनि हालसम्म स्थानीयवासीले मुआब्जा पाउन नसक्दा समस्या भएको जग्गाधनीहरूको गुनासो छ ।

सुख्खा बन्दरगाह (ड्राइपोर्ट भन्सार) विस्तारका कूल ६२ बिघा क्षेत्र जग्गा अधिग्रहण गरिए पनि हालसम्म अधिकांश जग्गाधनीको मुआब्जाका आएको छैन । गतवर्ष पर्सा जिल्ला प्रशासन कार्यालयमार्फत् मुअब्जा वितरणको काम सुरू गरिए पनि बढी जग्गा भएका र पहुँच भएकाले मात्रै मुअब्जा पाएको अधिकांश पीडितको गुनासो छ ।

अधिग्रहण गर्न खोजीएको क्षेत्र वीरगञ्ज महानगरपालिका-२ सिर्सिया टोलमा करिब ६०० को हाराहारी घरपरिवार बसोबास गर्दै आएका थिए । उनीहरूमध्ये करिब १५ प्रतिशतले मात्रै मुअब्जा पाएका थिए तर बाँकी भने मुअब्जाका लागि सम्बन्धित निकाय धाइरहेका छन् ।

पाँच वर्षदेखि जग्गा अधिग्रहणको नाममा स्थानीयवासीको जग्गा सरकारले रोक्का गर्दा र मुआब्जा वितरणमा ढिलाइ गर्दा सिर्सियावासी मर्कामा परेका हुन् । मुआब्जा समयमा नपाउदा अन्य ठाउँमा बसाइँसराइ र छोराछोरीको पढाइलेखाइका साथै विवाह गर्दा वा बिरामी पर्दा र अन्य कुनै पनि बेला अकस्मात पैसा आवश्यक पर्दा कतैबाट सापटी समेत पाउन सकेका छैनन् । मुअब्जा नपाउदा न्यूनस्तरका परिवार बढी मर्कामा परेका छन् ।

सरकारले मुआब्जा वितरणमा ढिलाइ गर्दा आफूहरू यहाँबाट अन्यत्र जान पनि नसकेको र आवश्यक परेका बेला कसैले कर्जा पनि नदिने भएकाले झन समस्या बढेको पीडितहरूको भनाइ छ ।

मुआब्जा वितरण गर्न यस अगावै सुख्खा बन्दरगाहले आवेदन सङ्कलन गरेपनि सोअनुरूप तत्काल कार्य सम्पादन नगरेका कारण मुआब्जा वितरणमा ढिलाइ भइरहेको उनीहरू बताउछन् ।

गतवर्ष माघ ७ गते जिल्ला प्रशासन कार्यालयले सूचना प्रकाशित गर्दै ३० दिनभित्र अधिग्रहणमा परेका ९९९ जनालाई आवेदन बुझाउन भनेको थियो तर मुआब्जा तथा क्षतिपूर्ति निर्धारण समितिमा निवेदन दिनुपर्नेमा सिर्सिया सुख्खा बन्दरगाह भन्सारले मुआब्जाको निवेदन सङ्कलन गरी मालपोत कार्यालयमा फाइल पठाएको र भन्सारको नाममा पूर्जा बनेपछि मात्र जिल्ला प्रशासन कार्यालयलाई भुक्तानीको लागि पत्राचार गर्ने सर्तमा काम सुरू गरेको थियो ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतद्वारा म्यानमारमा छिटोभन्दा छिटो प्रजातन्त्र पुनर्स्थापना गर्न आव्हान

म्यानमारको दुई दिने भ्रमणमा रहेका विदेश सचिव हर्षवर्धन श्रृङ्लाले आसियान पहललाई भारतको बलियो र निरन्तर समर्थन रहेको जानकारी दिएका छन्। पाँच बुँदे सहमतिको आधारमा व्यावहारिक र रचनात्मक रूपमा यस पहलको प्रगति हुने मा उनले आशा व्यक्त गरेका छन्। विदेश सचिव हर्षवर्धन श्रृंगलाले दक्षिणपूर्वी एसियाली देशका अध्यक्ष, राज्य प्रशासन परिषद् र अन्य वरिष्ठ प्रतिनिधिहरूसँग भेटवार्ता गरेका छन् र देशमा चाँडोभन्दा चाँडो प्रजातन्त्र पुनर्स्थापना गर्न आग्रह गरेका छन्।



गत डिसेम्बर २२ तारिखमा म्यानमार पुगेका परराष्ट्र सचिवले नागरिक समाजका सदस्य र नेसनल लिग फर डेमोक्रेसी लगायत राजनीतिक नेताहरूसँग भेटेर वार्ताबाट समस्या समाधान गर्न आह्वान गर्नुभएको थियो ।

विदेश मन्त्रालयका अनुसार उनी म्यानमार स्थित राजदूत र संयुक्त राष्ट्र संघका प्रतिनिधिहरूसँग पनि भेट गर्नेछन् । देशमा सम्पूर्ण हिंसात्मक गतिविधि बन्द गर्न पनि उनले आग्रह गरेका छन् ।

विदेश सचिवले म्यानमारका जनताका लागि भारतको मानवीय सहयोग निरन्तर जारी रहने प्रतिबद्धता व्यक्त गरेका छन् । कोविड १९ महामारी विरूद्ध म्यानमारको लडाइ मा साथ दिन भारतले म्यानमार मा भारत निर्मित खोप को १० लाख खुराक आपूर्ति गरेको छ। यस मध्ये केही खुराक भारतसँग म्यानमारको सीमानामा बसोबास गर्ने समुदायका लागि प्रयोग गरिनेछ। म्यानमारलाई १० हजार टन चामल र गहुँ दिने घोषणा पनि गरिएको छ ।

विदेश सचिव श्रृङ्लाले भारत-म्यानमार सीमा क्षेत्रहरू लगायत जनता-केन्द्रित सामाजिक-आर्थिक विकास परियोजनाहरूका लागि भारतको निरन्तर समर्थन रहने प्रतिबद्धता व्यक्त गरेका छन्। यसका साथै उनले कालादान बहुमुखी परियोजना जस्ता अन्य परियोजनामा पनि भारतको समर्थन रहने जानकारी दिएका छन् ।

उनले म्यान्मारका जनताको हितका लागि राखिन राज्य विकास कार्यक्रम र सीमा क्षेत्र विकास कार्यक्रम अन्तर्गत परियोजनाहरू जारी राख्ने भारतको प्रतिबद्धतालाई पनि दोहोर्याएका छन् । मन्त्रालयका अनुसार यस भ्रमणमा उनले दक्षिणी मणिपुरको चुराचन्दपुर जिल्लामा हालै भएको घटनाको परिप्रेक्ष्यमा सीमा सुरक्षा विषय बारे पनि चर्चा गर्नेछन् । परराष्ट्र सचिव श्रृङ्लाले हरेक प्रकारको हिंसाको अन्त्य गरी सीमा क्षेत्रमा शान्ति र स्थिरता कायम गर्नुपर्नेमा जोड दिएका छन् । दुबै पक्षले आ-आफ्ना क्षेत्रलाई एकअर्कालाई प्रतिकूल हुने कुनै पनि गतिविधिका लागि प्रयोग हुन नदिने प्रतिबद्धता दोहोर्याएका छन् ।

म्यानमार सँग भारतको लगभग १७०० किलोमिटर लामो साझा सीमाना छ। त्यस देशमा हुने कुनै पनि घटनाक्रमले भारतको सीमावर्ती क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्छ। म्यानमारमा शान्ति र स्थायित्व भारतको लागि अत्यन्त महत्त्वपूर्ण रहेको मन्त्रालयले जनाएको छ । ठूलो लोकतान्त्रिक मुलुक र छिमेकी भएको नाताले म्यानमारको लोकतान्त्रिक प्रक्रिया मा भारत संलग्न हुँदै आएको छ। यस सन्दर्भमा भारतले प्रजातान्त्रिक प्रणाली र अभ्यासहरूमा क्षमताहरू विकास गर्न विभिन्न सरोकारवालाहरूसँग सहकार्य गर्दै आएको छ । म्यानमारका जनताको चाहना अनुसार म्यानमारलाई स्थिर, लोकतान्त्रिक, संघीय संघको रूपमा उदाउन भारतले सक्दो सहयोग गर्ने मन्त्रालयले जनाएको छ ।

*- इण्डिया न्यूज नेटवर्क*

## सतहबाट सतहमा मार हान्न सक्ने अत्याधुनिक क्षेप्यास्त्र ‘प्रलय’को सफल परीक्षण

स्वदेशमै विकसित सतह बाट सतहमा मार हान्न सक्ने अत्याधुनिक क्षेप्यास्त्र ‘प्रलय’ को बुधबार सफल परीक्षण गरिएको छ । १ सय ५० देखि ५ सय किलोमिटर दायरा रहेको यो क्षेप्यास्त्र लाई मोबाइल मार्फत पनि प्रक्षेपण गर्न सकिन्छ। क्षेप्यास्त्र मा जडित मार्गदर्शन प्रणालीमा अत्याधुनिक नौपरिवहन प्रणाली समावेश गरिएको छ ।





रक्षा अनुसन्धान र विकास संगठन ( डीआरडीओ) ले ओडिशाको तटमा रहेको डा एपीजे अब्दुल कलाम टापुबाट पहिलो पटक यस क्षेप्यास्त्र को सफल परीक्षण गरेको थियो।

यस अभियानले निर्धारित सम्पूर्ण उद्देश्य पूरा गरेको रक्षा मन्त्रालयले जनाएको छ। यस सन्दर्भमा मन्त्रालयले भनेको छ, “ यस क्षेप्यास्त्र ले वान्छित अर्ध प्रक्षेप्यास्त्र प्रणाली लाई पछ्याउँदै नियन्त्रण, निर्देशन र अभियानको हरेक मापदण्ड पूरा गर्दै तोकिएको लक्ष्यमा पुगेको छ। सबै उप-प्रणालीहरूले सन्तोषजनक प्रदर्शन गरेका छन्।“

विविध जहाज सहित पूर्वी तटमा प्रभाव बिन्दु नजिक तैनाथ गरिएका सबै सेन्सरहरूले क्षेप्यास्त्र प्रक्षेपण को निगरानी गरेका थिए। ठोस प्रेरक क्षेप्यास्त्र मोटर तथा नँया प्रविधि मार्फत यस क्षेप्यास्त्र को सञ्चालन गरिनेछ । रक्षामन्त्री राजनाथ सिंहले यो पहिलो विकास उडान परीक्षणको लागि डीआरडीओ र सम्बन्धित टोलीहरूलाई बधाई दिएका छन्। उनले द्रुत विकास र आधुनिक सतह देखि सतह सम्म मार हान्न सक्ने क्षेप्यास्त्र को सफल प्रक्षेपणको लागि डीआरडीओ को प्रशंसा गरेका छन्। रक्षा विभाग तथा डीआरडीओ का अध्यक्ष जी सतीश रेड्डीले टोलीको प्रशंसा गर्दै यस अत्याधुनिक क्षेप्यास्त्र को समावेश ले सशस्त्र बललाई आवश्यक प्रोत्साहन मिल्ने बताउनुभयो।

## भारतीय सेनाको निरीक्षण क्षमता वृद्धि हुने

स्वदेशी रूपमा विकसित बख्तरबंद निरिक्षण गाडी मंगलबार भारतीय सेनालाई हस्तान्तरण गरिएको छ । यस गाडी ले पानीमा आउनसक्ने अवरोधलाई तुरून्तै निरिक्षण गर्न सक्दछ र द्रुत गतिमा ईन्जिनियर कार्यहरू कार्यान्वयन गर्न सक्दछ। यसले भारतीय सेनाले वास्तविक परिस्थिति बारे छिटो जानकारी प्राप्त गर्न सक्नेछन् । रक्षा मन्त्रालयका अनुसार यस प्रणालीले भारतीय सेनाको विद्यमान इन्जिनियर निरिक्षण क्षमता बढाउने छ। यसका साथै भविष्यमा हुन सक्ने द्वन्द मा यसले



महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ। सेना प्रमुख जनरल एमएम नरवणेको उपस्थितिमा पुणेमा आयोजित एक समारोहमा गाडीहरूलाई भारतीय सेनाको कोर्प्स अफ इन्जिनियर्समा समावेश गरिएको थियो। यो प्रणाली रक्षा अनुसन्धान र विकास संगठन द्वारा डिजाइन गरिएको हो र आयुध कारखाना मेडक र भारत इलेक्ट्रोनिक्स लिमिटेड, पुणे ले यिनको निर्माण गरेका हुन् । विगत एक वर्षदेखि कोभिड-१९ महामारीका कारण भएको विभिन्न प्रतिबन्धका बाबजुद भारतीय सेनालाई सवारी साधनको आपूर्ति निर्धारित समयमै भइरहेको रक्षा मन्त्रालयले जनाएको छ ।

पशु सेवा विभाग

राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

हरिहरभवन, ललितपुरको अनुरोध

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरूलाई नियमित रूपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरूद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि

सम्पर्क

फोन : ०१-५५२२०३१

इमेल : info@nlrmpo.gov.np

## जिल्ला समाचार

### बेपत्ता पारिएका व्यक्तिको परिवारलाई परिचयपत्र

कपिलवस्तु । सशस्त्र द्वन्द्वको बेला बेपत्ता पारिएका व्यक्तिको परिवारलाई परिचयपत्र वितरण गरिएको छ । २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भिर उल्लंघन गरी बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा सत्य अन्वेषण तथा छानविन गरी आयोगले परिवारलाई परिचयपत्र वितरण गरेको छ । बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले जिल्ला-जिल्लामा गएर परिचयपत्र वितरण गरेको छ । कपिलवस्तुमा शनिबार बेपत्ता भएका १६ जना परिवारलाई परिचयपत्र वितरण गरिएको हो । जिल्लामा २४ जना बेपत्ता सम्बन्धी उजुरी मध्ये अनुसन्धानबाट प्रमाणित भएका १६ जनाको घरपरिवारलाई परिचयपत्र वितरण गरिएको छ । अन्य बार्की व्यक्तिहरूको हकमा छानविन तथा प्रकृया भैरहेको बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सदस्य एवम् प्रवक्ता डा. गंगाधर अधिकारीले बताए । नेपालमा बेपत्ता पारिएका व्याक्तिको ३२५९ उजुरी परेको छ उजरी मध्ये छानविन गरि २ हजार बढि व्यक्तिका परिवारलाई परिचयपत्रको प्रमाणपत्र वितरण गरिएको छ । विगतमा सरकारले विभिन्न तालिम तथा १० लाख सम्म प्रति परिवार राहत रकम दिएपनि केही परिवाले भने अझै पाउन सकेका छैनन् ।

### इलाका प्रहरी कार्यालयमा ढुंगामुढा

रौतहट । प्रहरीले दोषीलाई बचाउन खोजेको भन्दै रौतहटको विजयपुरस्थित ईलाका प्रहरी कार्यालयमा प्रदर्शनकारीहरूले ढुङ्गामुढा प्रहार गरेका छन् । आइतबार राति टिपरको ठक्करबाट एकजना स्थानीय कम्युनिस्ट नेताको मृत्यु भएपछि पीडित परिवार तथा जनप्रतिनिधिहरू प्रदर्शनमा उत्रिएका हुन् । फतुवा विजयपुर-११, हिमालीबासमा टिपरको ठक्करबाट मोटरसाइकल चालक खेदु चौधरीको मृत्यु भएको थियो । उनी नेकपा एमालेका स्थानीय नेता हुन् । उनको मृत्युपछि पीडित परिवारको रोहवरमा सर्जमिन मुचुल्का गरी पोष्टमार्टमका लागि शव पठाउनु पर्नेमा त्यसो नगरी ईलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख तथा प्रहरी निरीक्षक विष्णु विश्वकर्माले मनपरी गरेको स्थानीयवासीको आरोप छ । प्रहरी निरीक्षक विश्वकर्माले टिपर धनी र चालकलाई जोगाउन हतार हतारमा घटनालगत्तै शवलाई पोष्टमार्टमका लागि जिल्ला अस्पताल गौर पठाएको पीडित परिवारको आरोप छ । प्रहरी निरीक्षक विश्वकर्माले आफू कसैको प्रभावमा नपरेको भन्दै आफूमाथि लगाइएका आरोपको खण्डन गरेका छन् । पीडित परिवारसँगै सयौंको संख्यामा गाउँलेहरूले सोमबार बिहानैदेखि विजयपुरमा प्रदर्शन गर्दै बिहान ११ प्रहरी कार्यालयमा ढुङ्गामुढा प्रहार गरेका थिए । यस क्रममा २ जना प्रहरी घाइते भएको तथा प्रहरीले स्थिति नियन्त्रणमा लिन ३ राउन्ड अश्रुग्यास प्रहार गर्नुपरेको प्रहरी निरीक्षक विश्वकर्माले बताए । प्रहरीको लाठी प्रहारबाट प्रदर्शनकारी मुक्ति पटेलको टाउको फुटेको छ । प्रदर्शनकारीहरू प्रहरी कार्यालय अगाडि बाटो अवरूद्ध गरेर धर्नामा बसेका छन् । धर्नाको अगुवाई फतुवा विजयपुरकी उपमेयर कान्तिदेवी महतोले गरिरहेकी छन् । रौतहट प्रहरी प्रमुख एवं एसपी विनोद घिमिरेले दुर्घटनामा संलग्न टिपर चालक पक्राउ परिसकेकाले नियमानुसार कारवाही प्रक्रिया अगाडि बढाइने बताएका छन् । आइतबार राति साढे ८ बजे बा३०प ८११५ नम्बरको मोटरसाइकललाई गुगल निर्माण सेवाको ना८ख ४२०२ नम्बरको टिपरले ठक्कर दिएको थियो । दुर्घटनामा मोटरसाइकल चालक चौधरीको घटनास्थलमै मृत्यु भएको थियो । दुर्घटना लगत्तै टिपर चालक फरार भएका थिए । उनलाई सोमबार प्रहरीले पक्राउ गरेको हो ।

### १९ केजी गाँजासहित एक भारतीय पक्राउ

जनकपुरधाम । धनुषाबाट लागुऔषध गाँजासहित एकजना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको मधुवनीका २२ वर्षीया विजय कुमार महतो रहेको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ । शनिबार साँझ बिआर ३२के ९१२७ नम्बरको स्कार्पियोमा सवार पाँचजना व्यक्तिहरू संकास्पद रूपमा महोत्तरीको बर्दिवासबाट ढल्केवरतर्फ आइरहेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी टोलीले चेकजाँच गरिएको थियो । पाँचजना सवार रहेको उक्त स्कार्पियोलाई ढल्केवर चेकप्वाइन्टमा चेकजाँचका लागि रोक्न खोज्दा नरोकी जनकपुरतर्फ भाग्न खोज्ने क्रममा प्रहरी टोलीले पछ्याएपछि उनीहरूले गाडीबाटै गाँजा भएको प्लाष्टिकको बोरा फालेर भाग्न खोज्दा स्कार्पियो पुलमा ठोकिएर दुर्घटना भएको प्रहरी निरीक्षक सुवेदीले जनाए । उनका अनुसार दुर्घटना हुनसाथ गाडीमा सवार पाँचैजना भागेका थिए । उनीहरूलाई खोजतलास गर्ने क्रममा उखु घारीबाट महतोलाई पक्राउ गरिएको प्रहरी निरीक्षक सुवेदीले जनाए । गाडीमा सवार अन्य व्यक्तिहरू फरार रहेको उनले बताए । प्रहरी निरीक्षक सुवेदीका अनुसार गाडीबाट फालेको बोराबाट साढे १९ केजी गाँजा बरामद भएको हो । उनीहरू सवार गाडी समेत प्रहरी नियन्त्रणमा रहेको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ ।

### भन्सार कार्यालयमा विद्युतीय भुक्तानी

वीरगञ्ज । नेपालकै एक मात्र वीरगञ्जस्थित सुख्खा बन्दरगाह भन्सार कार्यालयमा पहिलो पटक विद्युतीय भुक्तानी प्रणालीको परीक्षण थालिएको छ । भन्सारमा दाखिला गर्नुपर्ने सबै प्रकारका महशुलको विद्युतीय भुक्तानी गर्नका लागि तयार गरिएको प्रणालीको परीक्षण थालिएको हो । पुस मसान्तसम्म उक्त विद्युतीय भुक्तानी प्रणालीको परीक्षण गरिनेछ । त्यसपछि अब सुख्खा बन्दरगाह भन्सार कार्यालयमा पहिलो पटक विद्युतीय भुक्तानी प्रणालीको सुरूवात गरिने कार्यालय प्रमुख लालबहादुर खत्रीले जानकारी दिए । यस प्रणाली प्रयोग गरी प्रयोगकर्ताले आफूलाई उपयुक्त कुनै भुक्तानीका उपकरणमा आबद्ध भई आफ्नो बैंक खाताबाट सिधैं विद्युतीय रूपमा भन्सार कार्यालयमा रहेको बैंकस्थित भन्सार कोष खातामा भुक्तानी गर्न सकिने व्यवस्था मिलाइएको छ । भन्सार विभागले नेपाल राष्ट्र बैंकको राष्ट्रिय भुक्तानी स्वीचको सञ्चालककर्ता नेपाल क्लियरिङ हाउस लिमिटेडसँग समन्वय गरी सो प्रणालीको विकास गरिएको हो ।

### आगलागीमा परी बालिकाको मृत्यु

रौतहट । फतुवा विजयपुर नगरपालिका-१ वरगेनिया बस्ने जोकु राय यादवको छोरी ३ वर्षीया आराध्या कुमारी यादवको आगलागीमा परी मृत्यु भएको छ । सोही ठाउँ बस्ने मदन यादवको घर नजिकै छिमेकी रामविश्वास राय यादवले आफ्नै जग्गामा काटेर राखेको धान नजिकै केटाकेटीहरूले आगो सल्काई खेल्ने क्रममा धानमा आगो सल्कन गई मदनको घरमा समेत आगलागी हुँदा सोही आगलागीमा परी आराध्याको मृत्यु भएको हो । साथै उक्त आगलागीमा जलेर गम्भीर घाइते भएका सोही ठाउँ बस्ने संजिव साहको छोरा २ वर्षीय रोहित साहलाई उपचारको लागि वीरगंजतर्फ पठाइएको छ । आगलागीबाट मदनको घर पूर्ण रूपमा जलेर करिब २ लाख रूपैयाँ तथा रामविश्वासको १ विघा खेतमा काटेर थुपारी राखेको धान पूर्ण रूपमा जलेर करिब ९५ हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, स्थानीयबासिन्दा र दमकलको सहयोगमा आगो पूर्णरूपमा नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान भइरहेको छ ।



# भौतिक पूर्वाधारमन्त्री यादव र फ्रान्सेली राजदूतबीच भेटवार्ता

काठमाडौं । भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणु कुमारी यादव र नेपालका लागि फ्रान्सका राजदूत जिल बुरवाओबीच भेटवार्ता भएको छ ।
सोमबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा मन्त्री यादव र राजदूत बुरवाओबीच शिष्टाचार भेटवार्ता भएको हो । राजदूत बुरवाओले उक्त अवसरमा नेपालको पूर्वाधार विकासमा फ्रान्स सरकार सहयोग गर्न इच्छुक रहेको तथा नेपाल र फ्रान्स दुवै पहाडी देश भएको र फ्रान्सको विशेष अनुभव रहेको केवल कार क्षेत्रमा तत्कालै सहयोग गर्न सकिने बताए ।
सोही अवसरमा मन्त्री यादवले नेपाल छिमेकी राष्ट्रहरूका साथसाथै दौत्य सम्बन्ध भएका सबै मित्र राष्टहरूसँग असल सम्बन्ध र हातेमालो गर्दै विकासका लक्ष्य प्राप्त गर्न कटिबद्ध रहेको कुरा बताइन् ।



यसका साथै नेपाल सरकार राष्ट्र संघको दीगो विकास लक्ष्य, २०३० का यातायात लगायत सबै क्षेत्रका लक्ष हासिल गर्न सबै मित्र राष्ट्रहरूसँग प्राविधिक र आर्थिक सहयोगका लागि इच्छुक रहेको कुरा व्यक्त गरिन् ।
उनले फ्रान्स सरकारले काठमाडौं उपत्यकमा केवल कार निर्माणको लागि सम्भाव्यता अध्ययनमा गरेको सहयोगको लागि धन्यवाद दिँदै नेपाल सरकारका सम्बद्ध निकायहरू र फ्रान्सेली राजदूतावास समेतसँग छलफल एवम् परामर्श गरी योजना कार्यन्वयनको विषय अगाडी बढाइने मन्त्री यादवले बताइन् ।

# मिथिला संस्कृति समाजको प्रदेश २ मा समिति गठन

जनकपुरधाम । मिथिला संस्कृति समाज नेपालको प्रदेश नं.२ समिति मंगलबार गठन गरिएको छ । संस्थाका प्रदेश नं. २ संयोजक रूवी कुमारी झाको संयोजकत्वमा जनकपुरधाममा प्रदेश समिति गठन गरिएको छ । छलफलबाट प्रदेश नं. २ को संयोजकमा दिवाकर झा, उपसंयोजकमा सरोज कुमार यादब, सचिवमा राहुल कुमार झा, सहसचिवमा मनिषकुमार साह,



कोषाध्यक्षमा आरती मंडल, सदस्यहरूमा प्रियंका चौधरी, राजिव कुमार सिँह, कुमार गौतम झा तथा अमित कुमार मण्डललाई चयन गरिएको जनाइएको छ ।

# भारतबाट आयो १८ लाख डोज खोप

काठमाडौं । भारतबाट १८ लाख ७० हजार ५०० मात्रा खोप आइपुगेको छ । कोभ्याक्स सुविधाअन्तर्गत कतार एयरवेजबाट सोमबार उक्त खोप नेपाल आइपुगेको हो ।
नेपालमा तीन करोड ५४ लाख ६६ हजार ९८० मात्रा खोप आएकामा अहिलेसम्म दुई करोड १६ लाख ५४ हजार १०९ मात्रा खोप लगाइसकिएको छ ।
यसैबीच मौसम खराबीका कारण जहाज अवतरण गर्न नसकेपछि सोमबार चीनबाट ल्याइएको कोरोना भाइरस विरूद्धको भेरोसेल खोप फिर्ता भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मौसम खराबीले जहाज अवतरण गर्न नसकेपछि खोप फिर्ता भएको हो । एशियाली विकास बैंकको सहयोगमा चीनबाट भेरोसेल खोप नेपाल ल्याउन लागिएको थियो ।
स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखाका प्रमुख सुरेन्द्र चौरसियाले विमानस्थलमा जहाज अवतरण गर्न नसकेपछि खोप फिर्ता गए पनि मंगलबारसम्ममा आइपुग्ने जानकारी दिए । उनका अनुसार त्यहाँबाट १२ लाख एक हजार ८८७ मात्रा खोप आउन लागेको थियो ।

# काठमाडौंमा इन्टरप्राइज इन्डिया प्रदर्शनी




काठमाडौं । भृकुटीमण्डप प्रदर्शनी हलमा इनटरप्राइज इन्डिया प्रदर्शन सम्पन्न भएको छ । भारतका विभिन्न भागबाट आएका र विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने ५० भन्दा बढी भारतीय कम्पनीहरूले यस प्रदर्शनीमा आफ्ना उत्पादन तथा सेवाहरू प्रदर्शन गरेका थिए । प्रदर्शनीमा नेपाली व्यवसायी तथा व्यापारीहरूको पनि उत्साहजनक सहभागिता थियो ।
भारतीय दूतावासका कार्यवाहक राजदूत नामग्य सी खम्पाले प्रदर्शनीको उद्घाटन गरेकी थिएन् । उनले कार्यक्रममा सहभागी भारतीय तथा नेपाली कम्पनीहरूसँग अन्तरक्रिया गरिन् । आयोजकहरूलाई दुई देशबीचको व्यावसायिक सम्बन्धलाई मजबुत बनाउन नेपाली उद्यमीहरूसँग साझेदारी खोज्न पनि प्रेरित गरेकी थिइन् । भारत सरकार वाणिज्य एवम् उद्योग मन्त्रालयको सहयोगमा कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्रीले 'इन्टरप्राइज इन्डिया २०२२' को आयोजना गरेको हो । दुवैतर्फ उपलब्ध व्यापार अवसरहरूको बारेमा सचेतना जगाई ब्रान्ड इन्डियाको प्रवर्द्धन र द्विपक्षीय व्यापार एवम् लगानी अभिवृद्धि गर्ने उद्देश्यले सो प्रदर्शनीको आयोजना गरिएको जनाइएको छ । संयुक्त उद्यम, प्रविधि आदानप्रदान, मार्केटिङ प्रबन्धलाई सहजीकरण गर्नुका साथै दुई देशका जनताबीचको सम्पर्कलाई अझ मजबुत बनाउनु यस प्रदर्शनीको मूल उद्देश्य रहेको आयोजकले जनाएको छ ।

# भारतमा सुरू भएको बिमस्टेक सैन्य अभ्यास नेपाल पनि सहभागी

**काठमाडौं ।** क्षेत्रीय संगठन बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) सदस्य मुलुकबीच मानवीय सहायता तथा विपद् राहतसम्बन्धी बहुद्देश्यीय सैन्य अभ्यास भारतको पूणेमा सुरू भएको छ ।
भारतका सेनाध्यक्ष मनोज मुकुन्द नरभाणेले उद्घाटन गरेको 'प्यानेक्स-२१' नामक सैन्य अभ्यासमा बिमस्टेक सदस्य मुलुकहरू नेपाल, भारत, बंगलादेश, भुटान, म्यानमार, श्रीलंका र थाइल्याण्डका सैनिक तथा विज्ञ प्रतिनिधी सहभागी छन् ।
सैन्य अभ्यासमा नेपाली सेनाका एकजना महासेनानी र नयाँ दिल्लीस्थित नेपाली दुतावासका सैनिक सहचारी सहभागी छन् ।
प्राकृतिक विपत्तिको सामना गर्न बिमस्टेक सदस्य मुलुकबीच संयुक्त संयन्त्र निर्माण गर्ने उद्देश्यले तीन दिने सैन्य अभ्यास शुरू भएको हो । भारतका रक्षामन्त्री राजनाथ सिंहले पनि अभ्यासको अवलोकन गरेका छन् ।

## आर्थिक समाचार

# नेपाल लाइफ 'नेपालकै नं. १' अभियान




काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडद्वारा जीवन बीमाका क्षेत्रमा नेपाल लाइफ देशकै नं. १ जीवन बीमा कम्पनी भएको दावी गरेको छ । नेपाल लाइफले पत्र पत्रिका, आफ्ना सामाजिक सञ्जाल लगायत सञ्चार माध्याम मार्फत "नेपालकै नं. १" अभियान सार्वजनिक गरी तथ्य परक प्रमाणहरू प्रस्तुत गर्दै सो दावी गरेको हो । कम्पनीले प्रस्तुत गरेका तथ्य परक जानकारीहरूका अनुसार आ.व. २०७८/७९ को पहिलो त्रैमास अन्त्यसम्म कम्पनीसँग रू. ११८.७६ अर्बको सर्वाधिक जीवन बीमा कोष, २९ लाख ८३ हजार १६ सर्वाधिक बीमालेख जारी, रू. ४०.५० अर्बको सर्वाधिक दावी भुक्तानी, रू. ७.१९ अर्बको सर्वाधिक चुक्ता पुँजी रहेको छ । साथै अधिकांश सुचकांकले नेपाल लाइफ जीवन बीमा क्षेत्रमा अब्बल सावित भएको कम्पनीले जनाएको छ ।
नेपाल लाइफ इन्स्योरेन्सले जनतामा जीवन बीमाको महत्वका बारे सचेतना जगाउने उद्देश्यका साथ पुष ६ गते देखि "नेपालकै नं. १" अभियान सार्वजनिक गरिएको कम्पनीका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत सुशिल कुमार चौधरीले बताए । अभियानमार्फत कम्पनीलाई यस उचाइँ सम्म पुऱ्याउन उल्लेख्य सहयोग तथा सहकार्य पुऱ्याएका शेयरहोल्डर्स, कर्मचारी, अभिकर्ता लगायत प्रत्यक्ष/परोक्षरूपमा भूमिका खेल्नुहुने सम्पूर्ण सरोकारवालाहरूलाई धन्यवादका साथै कृतज्ञता ज्ञापन गर्नु पनि यसको उद्देश्य रहेको उनले जानकारी दिए । "हामी समग्र जनता माझ जीवन बीमाको महत्व तथा आवश्यकताका बारेमा सचेतना फैलाउन चाहन्छौँ । जीवन बीमाले आफू लगायत आफू सम्बद्धको भविष्यको सुनिश्चितताका लागि प्रदान गर्ने सुविधाहरू सबैले जानुन् र यसलाई विकल्प भन्दापनि आधारभूत आवश्यकताका रूपमा हेरून् भन्ने हाम्रो चाहना हो", नेपाल लाइफका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत चौधरीले भने, "स्थापना कालदेखि आजका मितिसम्म आई पुग्दा तपाइहरूको निरन्तर विश्वास र भरोसाका कारण हामी नेपालकै नं. १ जीवन बीमा कम्पनीका रूपमा स्थापित भएका हौं । त्यसैले, यसका लागि हामी हाम्रा समस्त आदर्णिय ग्राहक महानुभाव, शेयरहोल्डर्स, कर्मचारी, अभिकर्ता लगायत समग्र सरोकारवालाहरू प्रति कृतज्ञता ज्ञापन गर्न चाहान्छौँ ।"
कम्पनीको सफलताका बारेमा तथ्य परक प्रमाणहरू प्रस्तुत गर्दै जनता माझ जीवन बीमाका बारेमा सचेतना फैलाउने उद्देश्यका साथ पुष ६ गतेदेखि सञ्चालनमा ल्याइएको यस "नेपालकै नं. १" अभियान मार्फत नेपाल लाइफका लागि ग्राहक महानुभाव तथा लक्षित वर्गको अझ धेरै विश्वास प्राप्त हुने कम्पनीको विश्वास छ । साथै योजना मार्फत कम्पनीले हात पारेको यो उचाइलाई भविष्यमा पनि निरन्तरता प्रदान गर्न उल्लेख्य सहयोग मिल्नेप्रति कम्पनी विश्वस्त रहेको नेपाल लाइफका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत चौधरीले बताए ।

# कांग्रेसलाई...

मधेशी नेताहरूको संलग्नता र सक्रियता थियो । वि.स.२००९ मा जनकपुरमा भएको पाँचौ महाधिवेशनपछि मात्र वीपी कोइरालाको नेतृत्वमा गठित १६ सदस्यीय कांग्रेस कार्यसमितिमा रामनारायण मिश्र, राधाकृष्ण थारू र परशुनारायण चौधरीको पहिलो पटक प्रवेश भएको देखिन्छ ।
१२ औं महाधिवेशनपछिको ८५ सदस्यीय कार्यसमितिमा १३ जना मधेशी, थारू र मुस्लिम थिए । १३ औं महाधिवेशनमा भने त्यो संख्यामा कमी आयो , प्रतिशतमा हेर्ने हो भने वीपीकालभन्दा पनि कार्यसमितिमा मधेशीको कम प्रतिनिधित्व रह्यो ।
कांग्रेसको पहाडी नेतृत्वले मधेशीलाई अवसर नदिनु र विश्वास नगर्नु नै मधेशीले नेतृत्वको अवसर गुमाइरहेका छन् । परिणातः १४औं महाधिवेशनमा यहि देखिएको छ ।
मधेशबाट मतदाता र कार्यकर्ता बढेपनि पार्टीले नेता बढाउन सकेको छैन । कांग्रेशले मधेशीलाई मौका नदिएको धेरैको गुनासो छ ।
पार्टीको स्थापना कालमा महेन्द्रनारायण निधि, परशुनारायण चौधरी, रामनारायण मिश्र, भद्रकाली मिश्र, देवनाथ यादव, सुर्यनाथ यादव, बेनीमाधव सिंह लगायतका नेताहरूको योगदान छ । कांग्रेसको अभियानमा लागेर जनकपुरमा राजा महेन्द्रमाथि बम हानेर दुर्गानन्द झा पार्टीका लागि फाँसीमै चढेका थिए । तर आजको दिनमा कांग्रेसको नजरमा ती नेताहरूको योगदान विस्मृत भएको छ ।
वस्तुतः कांग्रेशले मधेशलाई बुझ्न नै सकेको छैन । जसका कारण पार्टी भित्र नै असन्तुष्टिको स्वर उठेर सुरूमा तराई कांग्रेस, नेपाल सदभावना पार्टीदेखि अहिलेका कतिपय मधेशी दलको जन्म भएको । महन्थ ठाकुर, जयप्रकाश गुप्ता त्यहि असन्तुष्टिका उपज हुन् ।
ंग्रेसले आफूलाई समावेशी देखाउन एकाध व्यक्तिलाई चुनेर राख्नु बाहेक वास्तविक समावेशी चरित्र कहिल्यै स्विकार्न सकेन । पार्टीको आन्तिरिक जीवन र सत्तामा सहभागिताका बखतपनि त्यस्तै देखिदै आएको छ ।
मधेशप्रति कांग्रेस नेतृत्वको दृष्टिकोण अदुरदर्शिता र संकीर्ण छ । वीपीले मधेशलाई ठूलो शक्ति देखेको र बुझेका थिए । उनको दुरदर्शी हेराई थियो । तर वीपी पछाडिका नेताहरूमा दुरदर्शीताको अभाव रह्यो । कांग्रेसमा पहिलो पुस्ताका नेताहरूको निधनपछि पार्टीमा मधेश र मधेशीलाई बुझ्ने समस्या झन थपिँदै गएको हो ।
कांग्रेसको राजनीतिलाई मधेशसँग जोडेर हेर्दा शेख इद्रिस, महन्थ ठाकुर, विजय गच्छदार, रामवरण यादव र जयप्रकाश गुप्ता सम्मको नाम आउँछ । इद्रिसको निधन भइसकेको छ भने ठाकुरले कांग्रेसबाट अलग भइसकेका छन् । गच्छदार पार्टीबाट अवग भएर फेरि आफनै घर फर्केका हुन भने गुप्ता मधेश जागरण अभियानमा सक्रिय छन् । राष्ट्रपति भएपछि सक्रिय राजनीतिक जीवनबाट यादवको अवकाशले पनि पार्टीमा मधेशी नेतृत्वको अभाव देखिएको हो । २०४६ साल पछाडि राष्ट्रिय जीवनमा चिनिन सफल मधेशी नेताहरू आज कोही छैनन् ।
आफूसँगैका वा जुनियरहरू मधेशी दलका अध्यक्ष वा केन्द्रीय पदाधिकारी साथै मन्त्री भइरहँदा कांग्रेसमा टिकेका मधेशी नेताहरू अगाडि बढ्ने मौकाबाट बञ्चित छन् । पार्टीको नेतृत्वमा जति संख्यामा मधेशीको प्रतिनिधित्व बढ्नुपर्ने हो, त्यो अनुपातमा भएको छैन । कांग्रेसभित्र खुट्टा तान्ने प्रवृतिले पनि पार्टीमा लगानी भएकाहरूले पनि स्थान पाएका छैनन् ।
२०६३ को मधेश आन्दोलनपछि कांग्रेसमा मधेशका ठूला नेताहरूको बहिर्गमनको पहिरो नै गयो । अब पनि नेतृत्व पंक्तिको सोचमा सुधार आएन भने फेरि उही प्रवृति दोहोरिन सक्ने खतरा पनि छ ।
कांग्रेसमा मधेशीको ठूलो लगानी भए पनि पार्टी सभापति र प्रधानमन्त्रीका रूपमा कोही मधेशी नेतृत्वलाई अगाडि आउन सक्ने सम्भावना धेरै टाढा छ ।
१४ औं महाधिवेशनबाट नेतृत्वको अग्रपंक्तिमा आशालाग्दा युवा नेताहरूको उदय त भएको छ तर पार्टी हाँक्ने अग्रमोर्चामा मधेशको प्रतिनिधित्व कमजोर छ । जसका कारण कांग्रेसले भन्दै आएको पुनर्जागरण र नयाँ कांग्रेस बनाउने अभियानमा ठेस लाग्ने देखिन्छ ।

# लोसपामा...

महतो समूहका हुन् । यी अध्यक्ष महतो अध्यक्ष रहेको तत्कालीन सद्भावना पार्टीका नेता हुन् ।
प्रदेश २ मा महतोनिकट मानिने तत्कालीन सदभावना पार्टीका नेतालाई जिम्मेवारी नदिएको भन्दै उनीनिकटका नेताहरूले विरोध गरेका छन् । जिल्ला जिल्लामा निर्णय गरेर विरोध भइरहेको छ । पर्सासहित कतिपय जिल्लामा प्रदर्शनसमेत भएको छ ।
लोसपाका अध्यक्ष ठाकुरले जिल्ला तथा प्रदेश अध्यक्ष तथा पर्यवेक्षक नियुक्त गर्न थालेपछि सोही पार्टीका वरिष्ठ नेता महतो समूहले कडा रूपमा विरोध गर्न थालेका छन् । अध्यक्ष ठाकुरले पार्टीमा कुनै सल्लाह नै नगरी एकलौटी रूपमा प्रदेश अध्यक्ष मनोनीत गरेको आरोप महतो समूहका नेताहरूले लगाएका छन् ।
अध्यक्ष ठाकुरले तत्कालीन तमलोपा जसरी चलाउँथे, त्यसरी नै लोसपा चलाउन खोजेको महतो पक्षीय नेताहरूको आरोप छ ।
तर अध्यक्ष ठाकुर समूहका नेताहरू भने महतो समूहका नेताहरूको आरोप स्वीकार गर्न तयारी छैनन् । प्रदेश र जिल्ला अध्यक्ष नियुक्ति वरिष्ठ नेता महतोकै सल्लाहमा भइरहेको ठाकुर समूहका नेताहरूको दाबी छ ।
अध्यक्ष ठाकुरले मंसिर २५ गते कार्यकारिणी सदस्य सोनललाई प्रदेश २ को अध्यक्षमा मनोनय गर्दा धनुषामा रहेका वरिष्ठ नेता महतो पक्षका कार्यकर्ताहरूले विज्ञप्ति निकालेर विरोध जनाएका थिए ।
लोसपाको विधानले ४०१ सदस्यीय केन्द्रीय कार्यसमिति बनाउने आधार दिएको छ । यस्तै १५१ सदस्यीय राजनीतिक समिति र ९९ सदस्यीय प्रदेश समिति विधानसम्मत गठन गर्नुपर्ने हुन्छ । यस्तै जिल्लामा ५१ सदस्यीय कार्यसमिति हुन्छ । जसमा १५ जना कार्यसम्पादन समिति रहन्छन् । तर, पार्टीले ३० सदस्यीय केन्द्रीय कार्यकारिणी समितिबाहेक अन्य समितिहरू गठन गर्न सकेको छैन । समिति पनि निर्वाचन आयोगबाट मान्यता पाउन तयार पारिएको हो । त्यो कार्यकारिणी समितिको बैठक पनि चार महिनामा दोस्रोपटक बस्न सकेको छैन । कार्यकारिणी समितिको संख्या बढाउने भनिए पनि कति पुऱ्याउने भन्ने टुंगो लगाउन सकिएको छैन ।
ठाकुर र महतोबीच विवाद हुँदा समितिहरूले पूर्णता पाउन नसकेको हो । आफू निकटहरूलाई च्याप्ने र पार्टीमा आफ्नो गुट बलियो बनाउने लहडमा कार्यकारिणी समितिका ३० जना सदस्यहरूले पनि जिम्मेवारी पाउन सकेका छैनन् । अध्यक्षपछिको पद बाँडफाँट हुन सकेको छैन ।
लोसपामा महतो र अनिल झाले छुट्टै मोर्चाबन्दी कसेका छन् । उनीहरू महन्थ ठाकुरबाट पार्टी नचल्ने भन्दै नेतृत्व परिवर्तनको पक्षमा उभिएका छन् । राजेन्द्र महतो पार्टी अध्यक्ष बन्ने आकांक्षामा छन् ।
तर, ठाकुर पक्षीय नेताहरू भने सबै तहका अध्यक्षहरू सहमतिमै तोकिएको दाबी गर्छन् । बरू राजपामा हुँदा जस्तो भागबण्डा नपाएर राजेन्द्र महतो र अनिल झा समूहले बखेडा झिकेको आरोप ठाकुर पक्षीय नेताहरूको छ ।
पार्टीमा भागवण्डा राजनीतिले विद्रोह निम्त्याएको छ । नेतृत्वले तल्ला तहका नेताहरूलाई जिम्मेवारी दिन नसक्दा गुटबन्दी बढेको छ । पदाधिकारीसहितको जिम्मेवारी तोक्ने पक्षबाट अध्यक्ष ठाकुर पछि हटेका छन् । पार्टीमा विवाद बढ्दै गएपछि ठाकुर पर्ख र हेरको अवस्थामा छन् ।
भागवण्डामा जिल्ला प्रदेश हुँदै केन्द्रीय शक्ति बाँडफाँट हुन नसक्दा ६५ जिल्ला र ६ प्रदेशमा तदर्थ समिति बन्न सकेको छैन । विवाद तीव्र बन्दै जाँदा समिति बनाउने कार्य स्थगन गरिएको छ । यस्तै अन्य भ्रातृ तथा शुभेच्छुक समितिहरू बनाउने विषय नेतृत्वको चासोमा परेको छैन ।

# नेपाल...

भारतीय मन्त्री रेड्डीले नेपाल-भारत सम्बन्ध सभ्यताको आदिकालदेखि भएकोमा जोड दिए । 'हाम्रो सम्बन्ध सृष्टि र सभ्यता सुरूदेखिकै भएकाले यसलाई तोड्ने र दूरी पैदा गर्ने जति पनि प्रयास भए पनि असफल हुँदै आएको छ' उनले भने 'आज पनि सबैलाई भन्छु हाम्रो सम्बन्ध कसैले तोड्न सक्दैन । हाम्रो सभ्यता, संस्कृति, भावना, सन्तऋषि, खानपान, आस्थाका केन्द्रलगायत अनेकन आयाम एउटै छ । त्यसैले हामीबीच निरन्तर एकता कायम थियो, छ र हुनेछ ।' उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको समेत नेपाल प्रिय देश रहेको उल्लेख गरे ।
उनले नेपाल र भारत दुवैको पर्यटन प्रबर्द्धन गर्न भारतले रामायण सर्किटको काम अघि बढाएको जानकारी गराए । त्यसका साथै बुद्ध, महाभारतजस्ता सह-सम्बन्धसहितका धार्मिक सर्किट निर्माणको परिकल्पना गर्न सकिने उनले बताए ।


## आगो वा हिटर प्रयोगमा होसियारीअपनाऔं ।

- झ्याल,ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नेर बेला बालेको आगो वाहिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्रआगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।



नेपाल सरकार
विज्ञापन बोर्ड







## मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं